निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratekdaily.com

एड्स तथा यौन रोगबाट बच्न र बचाउन
- सुरक्षित यौन सम्पर्क गरौं ।
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एच.आइ.भी. नियमित परीक्षण गरौं ।
यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर ०१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 17 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७९

## बाहिर रहेका मतदाता आउने सम्भावना क्षीण
## स्थानीय चुनावभन्दा १० प्रतिशत कम मत खस्ने सम्भावना

प्रस, वीरगंज, ३० कात्तिक/

पर्सा जिल्लामा स्थानीय निर्वाचनमा खसेको मतभन्दा कम मत खस्ने सम्भावना देखिएको छ। यसो देखिनुको कारण यो जिल्लाबाट नेपाल र भारतका विभिन्न स्थानमा रोजगारका लागि बाहिरिएकाहरूमध्ये थोरै मात्र आउने सम्भावना देखिएकाले मत सङ्ख्या स्थानीय चुनावभन्दा घट्ने अनुमान गरिएको छ।



पर्सागढी नगरपालिकामा भएको नमूना मतदान। तस्वीरः फाइल/प्रतीक

वैदेशिक रोजगारमा गएकाहरू स्थानीय चुनावमा पनि फर्केका थिएनन् भने यसमा पनि फर्कने सम्भावना न्यून छ। स्थानीय चुनावमा उम्मेदवारहरूले नेपाल र भारतका विभिन्न स्थानमा रोजगारका लागि गएकाहरूलाई आवतजावत खर्च दिएर बोलाएका थिए। उनीहरू चुनावको तीन/चार दिनअघि आआफ्नो पालिकामा फर्केका थिए। अहिले यो क्रम एकदमै न्यून छ। बुधवारसम्म मतदानको लागि फर्कनेहरूको सङ्ख्या निकै कम रहेको बताइन्छ।

पटेर्वासुगौली गाउँपालिकाको देउरिवा निवासी आकाश चौधरीले नेपालका विभिन्न स्थानमा रोजगारमा गएकामध्ये यसपटकको चुनावमा पनि मतदान गर्न आउने सम्भावना रहेको बताए। उनले मङ्सिर १ र २ गतेसम्म उनीहरू फर्कन सक्ने अडकल गरे। पटेर्वासुगौलीबाट नेपाल र भारतमा बढी र थोरै मात्र वैदेशिक रोजगारमा छन्।

यसैगरी, वीरगंज-५ का सन्तोष खनालले बाहिर रहेका मतदाता स्थानीय चुनावजस्तो प्रतिनिधिसभा तथा प्रदेशसभाको चुनावमा आउने सम्भावना नरहेको बताए। उनले स्थानीय चुनावमा थोरै मतबाट हारजीत हुने भएकोले वडाध्यक्ष, वडासदस्यहरूले आआफ्नो क्षेत्रका मतदाताहरूलाई खर्च दिएर बोलाउने गरेको तर प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ठूलो मतान्तरले हारजीत हुने भएकोले मतदाताहरूलाई खर्च दिएर बोलाउने नगरिएको बताए।

वीरगंज-४ का अनिल श्रेष्ठले पनि स्थानीय चुनावजस्तो बाहिर रहेका मतदाताहरूलाई उम्मेदवारहरूले नबोलाएको दाबी गरे। उनले उम्मेदवारहरू घरदैलो, कार्यकर्ता भेटघाट जस्ता कार्यक्रममा रुमलिएको र यहाँ भएका मतदाताहरूलाई नै रिझाइरहेकाले र बाहिर रहेका मतदाताहरूलाई बोलाउन चासो नदेखाएको बताए।

*प्रस, सेढवा/*

स्थानीय चुनावमा बाहिर रहेका मतदाताहरूलाई बोलाउने कार्य बढी चासो देखाइएको थियो भने मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा बाहिर रहेका मतदाताहरूलाई बोलाउन कुनै उम्मेदवारले चासोसमेत देखाएका छैनन्। उम्मेदवारहरूका कर्ताधर्ताहरूले पनि ती मतदाताहरूलाई बोलाउन सल्लाह दिएका छैनन्।

स्थानीय चुनावमा दुई/चार दिनअगावै बाहिर रहेका मतदाताहरू गाउँठाउँमा आएका थिए। यो चुनावमा एक/दुई सङ्ख्याभन्दा बढी वडामा बाहिरका मतदाता आएको पाइएको छैन।

पर्सा जिल्लाको ठोरी गाउँपालिकाबाट वैदेशिक रोजगारको लागि विदेशिने र भारत र नेपालका विभिन्न ठाउँमा जानेको सङ्ख्या धेरै छ तर ती मतदाताहरूलाई बोलाउनेतर्फ अहिलेका उम्मेदवारहरूले चासो देखाएका छैनन्।

जीराभवानी गापा, पटेर्वासुगौली गापामा पनि नेपाल र भारतका विभिन्न स्थानमा रोजगारका लागि गएका मतदाताहरू छन्। जगरनाथपुर गापा र पर्सागढी नपामा वैदेशिक रोजगारका लागि तेस्रो मुलुक र भारत तथा देशकै अरू ठाउँ जानेहरूको सङ्ख्या पनि उत्तिकै छ।

ग्रामीण क्षेत्रबाट वीरगंज, हेटौंडासम्म रोजगार गरेर बसेकाहरू आउन सक्ने सम्भावना रहे पनि चितवन, पोखरा, काठमाडौं, बागलुङ, बुटवल, दाङ, तुलसीपुर, नेपालगंज, गोर्खालगायत क्षेत्रमा रोजगार गर्नेहरू मतदानकै लागि घर फर्कने सम्भावना अत्यन्तै क्षीण छ।

## रौतहटमा १२ जना महिला उम्मेदवार, एकजना महिला मात्र प्रतिस्पर्धामा

सञ्जय मित्र, गरुडा, ३० कात्तिक/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि रौतहट जिल्लाका चारवटा निर्वाचन क्षेत्रबाट १२ जना महिला चुनावी मैदानमा छन्। दुवै पदको प्रत्यक्षतर्फ यसपटक रौतहटमा १२ जना महिलाको उम्मेदवारी रहेको र यो सङ्ख्या प्रतिशतको हिसाबले ६ रहेको छ।



पूजा चौधरी र हुस्नेआरा खातुन। तस्वीरः शैलेन्द्र झा

रौतहटमा २०७ जनाले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा उम्मेदवारी दर्ता गराएकामा १२ जना महिला रहेको जिल्ला निर्वाचन कार्यालय, रौतहटले जनाएको छ।

प्रतिनिधिसभाको लागि क्षेत्र नं १ मा १७ जना उम्मेदवार रहेकामा १५ जना पुरुष र दुईजना महिला छन्।

क्षेत्र नं १ (१)को प्रदेशसभा सदस्यमा ३१ जनाको मनोनयन परेकामा २९ जना पुरुष र दुईजना महिला छन्। यसैगरी, क्षेत्र नं १ (२)मा १८ जनाको उम्मेदवारी परेकामा १७ जना पुरुष र एकजना महिला छन्।

क्षेत्र नं २ मा प्रतिनिधिसभाको लागि १५ जनाको उम्मेदवारी परेको छ। महिलाको उम्मेदवारी भने छैन।

क्षेत्र नं ३ मा प्रतिनिधिसभा सदस्यको लागि १९ जनाको उम्मेदवारी परेकामा महिला छैन। यो क्षेत्रको १ बाट प्रदेशसभा सदस्यमा नौजनाको उम्मेदवारी परेको छ र यसमा पनि महिला छैन।

क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा १८ जनाको उम्मेदवारी परेकामा दुईजना महिला सदस्य छन्। यो क्षेत्रको १ मा प्रदेशसभा सदस्यमा १३ जना उम्मेदवार छन्, जसमा एकजना महिला




छन्। यसैगरी, ४ (२)मा २४ जना उम्मेदवारमा एकजना महिलाको उम्मेदवारी छ।

रौतहट जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ १२ जना महिलाको उम्मेदवारी परे पनि एकजना महिला मात्रै अहिलेसम्म चुनावी प्रतिस्पर्धामा देखिएकी छन्।

प्रदेशसभा सदस्यमा क्षेत्र नं ३ (१)बाट जसपाकी उम्मेदवार पूजा चौधरी प्रतिस्पर्धामा देखिएकी हुन्। उनी गोविन्द चौधरीकी छोरी हुन्। पिता राजनीतिमा लागेका कारण उनको चर्चा यो क्षेत्रमा बढी छ र जीतको सम्भावना पनि छ।

रौतहट क्षेत्र नं १ (२)बाट हाम्रो नेपाली पार्टीले प्रदेशसभा सदस्यमा किरणकुमारी साहलाई चुनावी मैदानमा उठाएको छ। यसैगरी, २ (१)बाट जनता प्रगतिशील पार्टीले हुस्नेआरा खातुनलाई र १ (१)बाट नेपाल सुशासन पार्टीले मनीता कुमारीलाई चुनावमा खडा गराएको छ तर प्रदेशसभामा चौधरीबाहेक कसैले पनि प्रतिस्पर्धामा आउन सक्ने सङ्केत देखाएका छैनन्।

## उम्मेदवारविरुद्ध उम्मेदवारको उजूरी

प्रस, वीरगंज, ३० कात्तिक/

जसपा-एमाले गठबन्धनबाट पर्सा क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यका लागि एमालेबाट उम्मेदवार जालीम मियाँविरुद्ध वाम लोकतान्त्रिक गठबन्धनबाट सोही क्षेत्रमा उनका प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका उम्मेदवार रमेश रिजालले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा आचारसंहिता उल्लङ्घन भएको भनेर उजूरी दर्ता गराएका छन्।

मियाँले पहाडिया-मधेसियाको कुरा गरेर आफ्नो क्षेत्रमा रहेका अल्पसङ्ख्यक पहाडी समुदायमाथि प्रहार गरेको भनेर निजविरुद्ध उजूरी गरेका हुन्।

आरोपित मियाँले प्रतीकलाई आफूले साम्प्रदायिक कुनै कुरा नगरेको तर राजनीतिक प्रतिशोधबाट आफूविरुद्ध निर्वाचनको मुखमा बदनाम गर्ने प्रयास भएको सफाइ दिए। मियाँले पहाडिया-मधेसियाको कुरा गरेको भिडिओ क्लिप बुधवार सार्वजनिक भएपछि उनका प्रतिद्वन्द्वी रिजालले निर्वाचन आचारसंहिताविपरीत अभिव्यक्ति आएको भनेर उजूरी गरेका थिए।

## चुनावको मुखमा धोबिनीमा सुरक्षित आवास कार्यक्रमको रकम वितरण

प्रस, वीरगंज, ३० कात्तिक/

सङ्घ सरकारले सञ्चालन गरेको सुरक्षित नागरिक आवास कार्यक्रमको रकम पर्साको धोबिनी गाउँपालिकाले वितरण गरेको समाचार छ।

नेपाल सरकारले आव २०७५/७६ देखि सुरक्षित नागरिक आवास लागू गरेको थियो।

पर्साका अन्य गाउँपालिका तथा नगरपालिकामा सोही आवदेखि लागू भएपनि धोबिनी गापामा चालू आवदेखि मात्र कार्यक्रम शुरू भएको हो। मङ्गलवार कात्तिक २९ गतेदेखि वितरण भइरहेको सुरक्षित नागरिक आवास कार्यक्रमको रकम आव २०७७/७८ को रहेको बताइन्छ।

चालू आवको कार्यक्रमको रकम नआएको सघन शहरी भवन डिभिजन कार्यालयका प्रमुख झपटबहादुर थापाले बताए। नेपाल सरकारले सो रकम सीधा गापाको खातामा पठाउने गरेको उनले बताए।

सो कार्यालयका एकजना कर्मचारीका अनुसार गत आवमा धेरै रकम सङ्घ सरकारले पठाएको तर तत्कालीन

तस्वीरः प्रतीक




गापाध्यक्ष सुरेश कुर्मी तथा कार्यक्रम संयोजक सांसद लक्ष्मणलाल कर्णबीच आपसी समझदारी नहुँदा रकम फ्रिज भएको थियो।

केही समयअघि जिल्लास्तरीय बैठकको निर्णय अनुसार सो गापामा ७० जनाको घर निर्माणको लागि सहमति भएको थियो। गापास्तरीय कार्यक्रम संयोजक सञ्जय यादवका अनुसार गापा अन्तर्गत पाँचवटा वडामा १४/१४ वटाको दर गरी ७० वटा घर निर्माण हुने योजना थियो।

नेपाल सरकारले प्रतिघर रु ५० हजारका दरले रकम पठाएकोमा पहिलो किस्ताबापत ६० प्रतिशतको दरले रु ३० हजार धरधनीको खातामा पठाइसकिएको यादवको भनाइ छ। वडाध्यक्षहरूको रोहबरमा छनोटमा परेका व्यक्तिहरूलाई कार्यालयमा बोलाएर अकाउन्टपेयी चेक दिएको यादवले जानकारी दिए।

## गहुँखेतीका लागि भारतबाट मल आउने क्रम शुरू

नितेश कर्ण, वीरगंज, ३० कात्तिक/

कृषि सामग्री कम्पनीले ग्लोबल टेन्डरमार्फत खरीद गरेको ३० हजार मेट्रिक टन युरिया मल वीरगंज आउने क्रम शुरू भएको सो कार्यालयका प्रवक्ता आलोक कुमारले बताए।

उनले कम्पनीले ग्लोबल टेन्डरमार्फत इन्डियन पोटास लिमिटेडसँग खरीद गरेको ३० हजार मेट्रिक टन मलमध्ये २२ हजार ५०० मेट्रिक टन मल वीरगंज आउन शुरू भएको बताए। उनले कात्तिक २४ गतेदेखि मल आउन शुरू भएको जानकारी गराए।

प्रवक्ता कर्णले १२ हजार मेट्रिक टन मल कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय वीरगंजमा आउने र साढे १० हजार मेट्रिक टन मल प्रादेशिक कार्यालय, भैरहवामा भण्डारण हुने बताए।

उनले वीरगंजका लागि आएको मल रक्सौलमा भण्डारण भएको जानकारी गराए। तत्काल दुई र्‍याक (पाँच हजार बोरा) मल रक्सौल आइपुगेको र विभिन्न जिल्लाहरूमा पठाउने क्रम पनि शुरू भएको बताए।

तस्वीरः प्रतीक




प्रवक्ता आलोकले यसपालि गहुँबालीको लागि मलको अभाव नहोस् भनेर समयमैं मल मगाएको र गहुँखेती गर्ने किसानहरूलाई उपलब्ध गराइने बताए।

यसैगरी, उनले भारतसँग जिटुजीमार्फत ३० हजार मेट्रिक टन युरिया मल ल्याउने प्रक्रिया अगाडि बढेको जानकारी गराए।

## विचारसार एवं सूक्तिहरु

**मन समुद्रजस्तै विशाल राख्नु, नदीहरू आफैं भेट्न आउँछन्, एक छिनको रिसले मायालु सम्बन्ध चुँडिन्छ, होश आउन्जेल समय फुत्किसक्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# ‘हात्ती’ शब्द पनि उच्चारण भएन

**पर्साको जीराभवानी गाउँपालिकास्थित विभिन्न टोलमा जङ्गली हात्तीको बथानले रात बितायो। हात्तीहरूले घर भत्काउँदै भकारीका अन्न खाए । हात्ती आतङ्कको कारण बस्तीका बासिन्दाहरूमा भागाभाग मच्चियो । बिहानीपख हात्तीको बथानले बस्ती छोडे पनि उजाडिएका घर र रित्तिएका भकारीहरू पूर्ति हुन गाऱ्हो छ । अघिल्लो हप्ता सुवर्णपुरमा हात्ती दिउँसै बस्तीमा प्रवेश गरेर आतङ्क मच्चाएको थियो । ठोरी गापाको शिकारीबासलगायत अधिकांश स्थानका बासिन्दाको मुख्य समस्या नै हात्ती आतङ्क हो । हिमाल तथा पहाडी क्षेत्रबाहेक तराई–मधेसका निकुञ्ज तथा आरक्ष आसपासका गाउँबस्तीहरूमा हात्ती आतङ्क जारी छ । जङ्गली हात्तीले खेतको बाली नष्ट गरिदिने, बाली टिपेर भित्र्याइसकेपछि पनि भकारी नै उजाडिदिने, घर भत्काउने साथै मानिसको ज्यानसमेत लिने, अङ्गभङ्ग गरी घाइते बनाउने गरेका छन् । हात्तीको विध्वंशबाट बच्नका लागि प्रभावित क्षेत्रका बासिन्दाहरू रातभर जाग्राम बस्ने गरेका खबरहरू सामाजिक सञ्जाल एवं समाचारमाध्यमहरूमा बारम्बार प्रवाह भइरहेका हुन्छन् । स्थानीय चुनावताका चितवन राष्ट्रिय निकुञ्ज प्रभावित क्षेत्रका हात्तीपीडितहरूले संयुक्त माग अगाडि सारेका थिए । “हात्तीको आतङ्कबाट सुरक्षित गरिदेऊ, अरू केही चाहिँदैन” उनीहरूको माग थियो ।**

**हात्तीको आक्रमणबाट हुने मानवीय क्षतिको पूर्ति हुन सक्दैन । तर भौतिक क्षतिको राहत तथा क्षतिपूर्ति दिन सकिन्छ । प्रचलित ऐन कानूनले राहत तथा क्षतिपूर्तिको केही व्यवस्था गरेको भए तापनि प्रक्रिया अति झन्झटिलो र ढिलासुस्तीपूर्ण छ । राहत, क्षतिपूर्तिको मूल्याङ्कन विधि नै न्यायोचित छैन । यसलाई राज्यले समयानुकूल नीति निर्माण गरेर अगाडि बढ्ने हो भने सम्भव छ । राहत तथा क्षतिपूर्तिको मात्रै कुरा होइन, राज्यले तदारूकता देखाउने हो भने जङ्गली जनावर र मानवबीचको द्वन्द्व न्यूनीकरण गरी मानवीय क्षति कम गर्न सकिन्छ । मानसिक सन्तुलन बिग्रिएर नरसंहार गर्दै हिंड्ने हात्ती वा जङ्गली जनावरभन्दा पनि मानिसको जीवनलाई कम मूल्य आँक्ने शासक वर्गले बनाएको पुरानो ऐन, कानून तथा नीतिमा अझै परिवर्तन हुन सकेको छैन । त्यति पनि गर्न नसके प्रभावित क्षेत्रको स्वत: बाली बीमा, दुर्घटना बीमा, निश्शुल्क स्वास्थ्य उपचार, जनावरको आक्रमणबाट विकलाङ्ग बनेकालाई पेन्सनलगायतका व्यवस्थाहरू अपनाएर पीडामा मलहमपट्टी गर्न सकिन्छ । त्यसैगरी, जङ्गली जनावरलाई बस्तीमा प्रवेश गर्न नदिन जैविक एवं कृत्रिम छेकबारको भरपर्दो व्यवस्था गर्न सकिन्छ ।**

**यसको निम्ति सरकार, जनप्रतिनिधि र राजनीतिक दललाई पीडितको पीडा महसूस हुनुपर्छ । त्यसो भएको पाइँदैन । हात्तीपीडित क्षेत्रमा पनि यतिबेला प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव प्रचारप्रसार जोडतोडका साथ चलिरहेको छ । तर कुनै पनि उम्मेदवारले हात्ती आतङ्कको बारेमा बोलेका छैनन् । यस समस्यालाई न्यूनीकरण गर्ने दृष्टिकोण त टाढैको कुरा भयो । हालसम्म सार्वजनिक समाचार तथा भिडियो क्लिप र भ्वाइस रेकर्डहरूलाई आधार मान्ने हो भने मत माग्न हिंडेका उम्मेदवार एवं दलका नेताहरूको मुखबाट ‘हात्ती’ शब्दसमेत उच्चारण भएको छैन । जनताका समस्यासँग नेताहरू कति परिचित छन् त भन्ने कुरा यसले पुष्टि गरेको छ । नागरिकका पीडा जबसम्म नेतृत्व वर्गलाई महसूस हुँदैन, तबसम्म जनमैत्री नीति निर्माण हुन सक्दैन ।**

# अन्तर्राष्ट्रिय विद्यार्थी दिवस र आसन्न निर्वाचन

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

आज अन्तर्राष्ट्रिय समुदायले विद्यार्थी दिवस मनाइरहेको छ । विश्वले विद्यार्थी दिवस मनाइरहँदा नेपालका विद्यार्थीहरूले मनाउने खासै अवसर पाएका छैनन् । यसबारे यस वर्ष खासै धेरै बुझ्न पनि पाएका छैनन् । यसको मूल कारण चुनाव हो । यदि सामान्यरूपमा सबै विद्यालय सञ्चालनमा रहेका भए अधिकांश विद्यालयका विद्यार्थीले यसबारे जानकारी पाउने थिए र आजको दिन कुनै विशेष काम गरेर सम्झनायोग्य बनाउने प्रयास गर्ने थिए । विद्यार्थीले पनि आफ्नो लागि एउटा दिवस छ, जसको अन्तर्राष्ट्रिय महत्त्व पनि छ भन्ने बुझ्न पाउने थिए । म पनि अन्तर्राष्ट्रियस्तरमा मनाइने दिवसको एक अङ्ग हुँ भन्ने गर्व–बोध विद्यार्थीमा संचरण हुने थियो ।

हुनत सबै किसिमका शिक्षालय बन्द भइसकेका छन् भन्ने होइन, तर अधिकांश शिक्षालयका धेरै शिक्षक निर्वाचन कर्मचारीको रूपमा खटिसकेका छन् । यसले गर्दा विद्यालयमा पठनपाठन गर्ने गराउने शिक्षकको अभाव भइसकेको छ । यसै कारणले कतिपय पालिकाहरूले चुनावको भोलिपल्टसम्म बिदा दिएका छन् । नेपाल सरकारले पनि चुनावको दिन र त्यसको भोलिपल्ट गरी दुई दिन सार्वजनिक बिदा दिसकेको छ । कतिपय शिक्षालयले भने एक–दुई दिन पहिलेदेखि र चुनावको दुई दिनपछिसम्म बिदा दिएका छन् । तर कतिपय शैक्षिक संस्थाले आइतवार र सोमवार दुई दिन मात्र बिदा दिएका छन् । यसरी कम बिदा दिनेमा मुख्यगरी निजी क्षेत्रको संलग्नतामा रहेका शैक्षिक प्रतिष्ठानहरू हुन् । यहाँ उल्लेखनीय कुरो के छ भने जब अधिकांश सामुदायिक विद्यालय तथा क्याम्पसमा बिदा हुन्छ तब अधिकांश विद्यार्थी घरमा बस्छन् । नेपालमा सामुदायिक विद्यालयमा नै पढ्ने विद्यार्थीको सङ्ख्या बढी छ । विद्यार्थी सङ्ख्याको दृष्टिले मूल धार भनेका सार्वजनिक वा सामुदायिक विद्यालयका विद्यार्थीहरू नै हुन् ।

अहिले जस्तो माहोल बनिसकेको छ, यस्तो अवस्थामा यदि सामान्य दिनको जस्तो विद्यालय खुलेको भए पनि विद्यार्थी दिवसको विषयमा खासै चर्चा हुन पाउने थिएन । विद्यालयमा शिक्षकको अभाव हुनु र सबैतिर चुनावको वातावरणले छोप्नु जस्ता कारणले हरेक क्षेत्र प्रभावित भइरहेको छ । चुनावको वातावरणले यस्तो अनुभूति भइरहेको कि पूरा देश नै चुनावमय भइसकेको छ । हुनत प्रत्यक्ष वा परोक्ष सम्पूर्ण देश र समग्र संयन्त्र तथा मानिसको मनोविज्ञान चुनावतिर केन्द्रित भइसकेको छ । चुनावका लागि अब तीन दिन मात्र बाँकी छ र निर्वाचन आचारसंहिताले हरेक पक्षलाई छोएको छ । निर्वाचन आचारसंहिताले नछोएको कुनै पक्ष नहोला । उसै त राज्यकोषबाट नियमित तलब–भत्ता बुझ्ने अर्थात् लाभको पद धारण गरेका हरेक व्यक्तिमाथि आचारसंहिता लागू छ । दल तथा उम्मेदवारले पनि आचारसंहिता पालन गरिरहेका छन् । सञ्चारकर्मी तथा सञ्चारगृह र अन्य पक्षलाई पनि आचारसंहिताले आफ्नै किसिमले प्रभावित पारेको छ । चुनावलाई निष्पक्ष तथा धाँधलीरहित र स्वतन्त्ररूपमा सम्पन्न गर्न निर्वाचन आचारसंहिताले ठूलो भूमिका खेल्दछ । साथै शान्तिपूर्ण निर्वाचनको हकमा पनि यसको महत्त्व रहेको छ ।

हुनत चुनावमा विद्यार्थीको पनि भूमिका निकै महत्त्वपूर्ण हुने हुन्छ । विद्यार्थीमध्ये नवयुवा र किशोर वयका विद्यार्थी अत्यन्त जिज्ञासु र चुनाव बुझ्ने भइसकेका छन् भने यस उमेर समूहका विद्यार्थीले विशेष भूमिका खेल्न सक्छन् । कम्तीमा मतदानको दिन आफ्नो घरपरिवारका हरेक मतदातालाई समयमा मतदान गर्न उत्प्रेरित गर्ने, चुनाव चिह्नमा ठीक ठाउँमा, सही चिह्नमा छाप लगाउने, मत बदर हुन नदिने, टोलछिमेकका अशक्त, बिरामी, ज्येष्ठ नागरिक, सुत्केरीलाई मतदान केन्द्रमा सहयोग गर्ने तथा शान्तिपूर्ण मतदान होओस् भन्ने वातावरण बनाउन निकै प्रभावकारी भूमिका खेल्न सक्छन् । यद्यपि यस उमेरका विद्यार्थलाई यस्ता सहयोगात्मक कार्यको सम्बन्धमा पनि केही गम्भीर हुनु आवश्यक छ । ज्यादै संवेदनशील उमेर भएकोले बढी सतर्क हुनु आवश्यक छ ।

चुनावको महत्त्व र यसको प्रक्रिया जुन कक्षामा पढाइ हुन्छ, त्यसलाई व्यवहारमा देख्न पाउँछन् । यसकारण विद्यार्थीका लागि चुनावले विशेष महत्त्व राख्दछ । यो लोकतान्त्रिक व्यवस्थाको राष्ट्रिय पर्व भएकोले यसलाई निकटबाट हेर्न पाउनु पनि विद्यार्थीको लागि फाइदाजनक हुन्छ । फेरि पनि विद्यार्थीलाई राजनैतिक कार्यमा प्रयोग गरिनुहुन्न र राजनैतिक गतिविधिको अर्थ नलाग्ने किसिमले विद्यार्थी संलग्न हुँदा मतदानसित सम्बन्धित क्रियाकलाप फलदायी हुन सक्छ । प्रचारप्रसारबाट भने टाढा राखिनु बुद्धिमानी हुन्छ ।

हो, चुनावको समयमा विद्यार्थीको पढाइ बाधित हुन्छ । गत स्थानीय तहको चुनावको समयमा पनि केही दिन पढाइ रोकिएको थियो । हुनत विद्यालय तहमा एउटा कक्षाको वार्षिक परीक्षा दिइएको र नतीजा भर्खर प्रकाशित हुँदै गरेको वा प्रकाशन हुन बाँकी रहेको अवस्था थियो । यसकारण सङ्क्रमणकाल भन्न सकिन्छ । यद्यपि चुनावको कारणले नतीजा प्रकाशन, विद्यार्थीले पाउने पुस्तकको ढुवानी तथा वितरण र पठनपाठनमा केही विलम्ब हुन गएको थियो । अहिले पनि चुनावको कारणले केही दिन पढाइ बाधित हुने अवस्था सिर्जना भएको छ । एक किसिमले हेर्ने हो भने देशको निर्वाचनमा विद्यार्थीको त्याग पनि हो, यो । विद्यालयमा नै मतदानस्थल र मतदान केन्द्रहरू हुन्छन् । विद्यालयमा पढाइ नहुँदा विद्यार्थीहरू घरमा पनि खासै पढ्न पाउँदैनन् । चुनाव अवधिभर गाउँघर वा शहर बजारमा जताततै चुनावकै चर्चा–परिचर्चा हुन्छ । सम्पूर्ण समाज नै चुनावमय बन्न पुग्दा विद्यार्थीले घरमा पढ्ने मौका पाउने कुरा पनि रहेन । कतिपय विद्यार्थीको टोल, छिमेक, आफन्त, नातेदार चुनावमा उम्मेदवार बनेका हुन सक्छन् । यस्तो अवस्थामा तिनको घरपरिवारका सबै सदस्यले चुनावमा अर्कै किसिमले व्यस्त हुनुपरेको हुन्छ । अनि विद्यार्थीले पढ्ने मौका पाउँदैनन् । विद्यार्थी वा यस उमेरका मानिसलाई चुनाव प्रचारप्रसार तथा जुलूसमा पनि प्रयोग गरेको पाइएको छ जुन वास्तवमा राम्रो कुरो होइन । प्रचारप्रसार तथा नारा जुलूसजस्ता राजनैतिक क्रियाकलापमा विद्यार्थीको प्रयोग पूर्णतया निषेध गरिएको छ । यदि यस्तो हुन्छ भने ती कार्यमा प्रयोग हुने विद्यार्थीको मनोविज्ञानमा केही समयसम्म चुनावको त्यही माहोलले प्रभाव पारिरहेको हुन्छ । साथै पढाइमा भन्दा बढी राजनीतिमा मन लाग्न थाल्छ । आलोकाँचो उमेरमा पढाइ गर्नुपर्नेमा ऱ्याली, जुलूस, नारा र कसैको पक्ष र कसैको विपक्षमा हुने तर्कवितर्कमा प्रत्यक्ष सहभागी हुँदा पढाइमा मन लाग्ने अवस्थामा कमी आउन सक्छ ।

**कुनै दिवसको महत्त्व विशेषरूपमा त्यसको उपयोगितासित सम्बन्धित हुन्छ । विद्यार्थी दिवसलाई चुनावको आंशिक कार्यसित जोड्नु उचित हुन्छ । हुनत हरेकविद्यार्थीको घरमा अभिभावक हुन्छन् र अभिभावक मतदाता भएको हुँदा अनेक किसिमले बालबालिका प्रभावित हुन सक्छन् ।**

विद्यार्थी उमेर सिर्जनात्मक हुन्छ । सिर्जनात्मक उमेरमा सकारात्मक कुराको सिकाइ बढी प्रभावकारी हुन्छ । नेपालको कानूनले बालबालिकाको उमेर समूहमा राखेका विद्यार्थीलाई राजनैतिक गतिविधिमा संलग्न गराउनुहुँदैन । राजनैतिक गतिविधि, अझ चुनावका बेला विद्यार्थीको मनोविज्ञानमा पर्ने दीर्घकालीन नकारात्मक प्रभाव पर्न सक्छ, यसले बालबालिकाको भविष्यमाथि पनि प्रभाव पर्ने हुन्छ । बालबालिकालाई कुनै पनि किसिमको राजनैतिक गतिविधिमा प्रयोग गर्नुहुँदैन । चुनावको मर्यादामा आँच पुऱ्याउने काम हुनुहुँदैन ।

कुनै दिवसको महत्त्व विशेषरूपमा त्यसको उपयोगितासित सम्बन्धित हुन्छ । विद्यार्थी दिवसलाई चुनावसित पूर्णतया जोड्नु भने हुँदैन । चुनावको आंशिक कार्यसित जोड्नु उचित हुन्छ । यद्यपि हरेक बालबालिका वा विद्यार्थीको घरमा अभिभावक हुन्छन् र अभिभावक मतदाता भएको हुँदा अनेक किसिमले बालबालिका प्रभावित हुन सक्छन् । तर सम्भव भएसम्म कम उमेरका विद्यार्थीलाई चुनाव प्रचारप्रसारसम्बन्धी कार्यबाट टाढा राख्नु उचित हुन्छ । संवेदनशील बालबालिका तथा अभिभावक र उम्मेदवारहरू पनि सम्भव भएसम्म यस्ता कुराप्रति संवेदनशील हुनु आवश्यक छ ।

# महोत्तरी-४ : दुई गठबन्धनबीच मुख्य प्रतिस्पर्धा

महोत्तरी, ३० कात्तिक/रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा महोत्तरी–४ मा प्रतिनिधिसभा सदस्यमा दुई गठबन्धनबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

महोत्तरी–४ मा सत्ता गठबन्धनबाट नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य महेन्द्रकुमार राय र एमाले–जसपा गठबन्धनबाट जनता समाजवादी (जसपा) नेपालका केन्द्रीय सदस्य डा सुरेन्द्रकुमार यादवसहित प्रतिनिधिसभा सदस्य पदमा १४ जना उम्मेदवार छन् । जसमा स्वतन्त्र उम्मेदवारको सङ्ख्या ६ छ । चुनावी प्रतिस्पर्धामा दुई गठबन्धनका अतिरिक्त जनमत पार्टी, राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपा नेपालसहितका दलका उम्मेदवार छन् ।

यद्यपि यहाँ निवर्तमान सांसद डा यादव र नेकां केन्द्रीय सदस्य रायबीच नै मुख्य प्रतिस्पर्धा हुने आकलन गरिँदै छ । निर्वाचनमा खुला प्रचारको अवधि सकिनैलाग्दा धेरैजसो अन्तिम आकर्षक सभाको तयारीमा जुटेका छन् ।

निर्वाचनको मतदान कार्यक्रम अब चार दिन मात्र बाँकी हुँदा आम सर्वसाधारणमा चुनाव परिणाम कस्तो होला भन्ने खुल्दुली र चासो देखिन्छ । क्षेत्रमा धेरैजसो डा यादव र काङ्ग्रेस केन्द्रीय सदस्यबीच मुख्य प्रतिस्पर्धाकै चर्चा रहेको पाइएको छ । यस अघि २०७४ मा डा यादव त्यतिखेरको वाम गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार मोहम्मद रजि हैदरलाई पछि पार्दै विजयी भएका थिए । त्यतिखेरका मुख्य प्रतिस्पर्धी हैदर अहिले रायको पक्षमा छन् ।

सत्ता गठबन्धनबाट राय उम्मेदवार छन् । त्यसबाहेक सत्ता गठबन्धन आबद्ध माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र लोसपाका नेता–कार्यकर्ता रायको पक्षमा जुटेका छन् । यो गठबन्धन आबद्ध राष्ट्रिय जनमोर्चाको भने यहाँ गतिविधि देखिंदैन । त्यसैगरी जसपा र एमालेका नेता कार्यकर्ता डा यादवको पक्षमा जुटेका छन् ।

खुला प्रचारको अवधि सकिनै लाग्दा उम्मेदवारले प्रचार अभियान झन् तीव्र बनाएका छन् । जसपाका डा यादव पनि सहयोगी दल एमालेका स्थानीय नेतासाथ सघन भेटघाट र एकै दिन कैयौं ठाउँमा कोणसभा गरिरहेका छन् ।

महोत्तरी–४ मा औरही नगरपालिकाका छ, मनराशिवा नगरपालिकाका सात, रामगोपालपुर नगरपालिकाका नौ (सबै), सम्सी



महेन्द्रकुमार राय



डा सुरेन्द्रकुमार यादव

गाउँपालिकाका सात (सबै) र सोनमा गाउँपालिकाका आठ (सबै) गरी जम्मा ३७ वडा समेटिएका छन् । प्रदेशसभा (१) मा १८ र प्रदेशसभा (२) मा १९ वडा छन् । महोत्तरी–४ प्रतिनिधिसभा क्षेत्रभित्रका दुई प्रदेशसभा क्षेत्रमध्ये प्रदेशसभा (१) र (२) मा क्रमश: सत्ता गठबन्धनबाट क्रमश: लोसपाका कौशलकुमार राय (यादव) र नेकपा (माओवादी केन्द्र)का लालेन्द्रकुमार मण्डल उम्मेदवार छन् । उनीहरूमध्ये राय यस अघि सोही प्रदेशसभा क्षेत्रबाट सङ्घीय समाजवादी पार्टी (पछि जसपा)बाट निर्वाचित भए पनि यसपटक लोसपाबाट उम्मेदवार बनेका हुन् । त्यसैगरी मण्डल विसं २०६४ को पहिलो संविधानसभा सदस्य थिए ।

यसैगरी एमाले–जसपा गठबन्धनबाट प्रदेशसभा क्षेत्र (१) मा एमालेका केन्द्रीय सदस्य सरोज यादव र (२) बाट जसपाका यस अघि सोही क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य सरोजसिंह कुशवाहा उम्मेदवार छन् । प्रदेशसभामा पनि यिनै दुई गठबन्धनबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । प्रदेशसभा क्षेत्र (१) मा तीन महिलासहित २५ उम्मेदवार छन् । स्वतन्त्र उम्मेदवारको सङ्ख्या १७ छ । त्यसैगरी प्रदेशसभा क्षेत्र (२) मा २० उम्मेदवार छन् । यहाँ एक मात्र महिला उम्मेदवार छन् । स्वतन्त्र उम्मेदवारको सङ्ख्या १४ रहेको निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत दशरथ गौतमले जानकारी दिए । महोत्तरी–४ प्रतिनिधिसभा क्षेत्रमा ९८ हजार आठ सय ९६ मतदाता छन् । कुल ६० मतदानस्थलमा एक सय २२ मतदान केन्द्र कायम गरिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# चुनावमा उपभोक्ता बजार : मूल्य बढ्यो, खपत बढेन

काठमाडौं, ३० कात्तिक/रासस

यस वर्ष दशैं, तिहारलगायतका ठूला चाडबाड सकिने बित्तिकै चुनावी माहोल शुरू भयो। चाडबाडका बेला व्यापारमा उत्साह देखिन्छ। त्यसमाथि चुनावका बेला उपभोक्ता बजार गुल्जार हुनुपर्ने हो। तर बजारमा खासै उत्साह नदेखिएको व्यवसायीले बताएका छन्। चर्को मूल्यवृद्धिको मारले अहिले खपत बढ्न नसकेको उनीहरूको भनाइ छ।




अहिले खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुमा अधिक मूल्यवृद्धि देखिएको तर खपत भने नबढेको खुद्रा व्यापार सङ्घका अध्यक्ष पवित्र बज्राचार्य बताउँछन्। व्यापारीले विभिन्न समयमा विभिन्न बहानामा खाद्य तथा दैनिक उपभोग्य वस्तुको मूल्य बढाउने तर घट्ने बेलामा भने नघटाउने गरेको उनको बुझाइ छ। पछिल्लो समय खानेतेल, चामल, मैदालगायत खाद्यान्न वस्तुमा धेरै मूल्यवृद्धि भएको छ।

"खानेतेल प्रतिलिटर रु ३५ देखि ४० सम्म बढेको छ। मैदा पनि प्रतिकिलो रु १५ सम्म बढेको छ। भारतले निर्यातमा कडाइ गरेपछि चामलको मूल्य बोरामैं दुईदेखि तीन सयसम्म बढे पनि अहिले अवस्था सहज हुँदा घटेको छैन," उनले भने।

कोरोना महामारी, रूस–युक्रेन युद्धलगायत विषम परिस्थितिका बेला भएको मूल्यवृद्धि अहिले अवस्था सामान्य भइसक्दा पनि घट्न नसकेको उनको भनाइ छ। यसरी सामान्य अवस्थामा पनि मूल्यवृद्धि हुनुमा नियामक निकाय कमजोर भएको बज्राचार्य बताउँछन्।

"चुनाव लागेपछि बजारमा सरकारको उपस्थिति हुँदैन। नियामक निकाय कमजोर हुन्छन्," बज्राचार्य भन्छन्, "मूल्य बढ्नुमा अर्को शङ्का के पनि छ भने, राजनीतिक दल र चुनावमा उठेका उम्मेदवारलाई चन्दा दिनुपर्ने भएपछि त्यसको बदलामा व्यवसायीले उपभोग्य सामग्रीको मूल्यवृद्धि गरे।"

मूल्यवृद्धि भएपछि उपभोक्ताको क्रयशक्ति कम हुन्छ। कोभिड महामारी, रूस–युक्रेन युद्ध, अमेरिकी डलरको भाउ वृद्धिलगायतका विभिन्न कारण देखाउँदै व्यापारीले उपभोग्य सामग्रीमा मूल्य बढाएका थिए। तर अहिले आपूर्ति शृङ्खला सामान्य अवस्थामा रहँदा पनि मूल्यवृद्धि कायमै छ। विभिन्न कारण देखाएर मूल्यवृद्धि गर्ने व्यापारीले अवस्था सामान्य भएको अवस्थामा भने मूल्य घटाउँदैनन्।

खुद्रा व्यापार सङ्घको खाद्यान्न मूल्यसूची अनुसार पछिल्लो एक वर्ष अवधिमा खानेतेलको मूल्यमा दोब्बरको वृद्धि देखिएको छ। यो अवधिमा भुटेको तोरीको तेल प्रतिलिटर रु २२० बाट बढेर ३५०, काँचो तोरीको तेल प्रतिलिटर रु १४० बाट २४०, भटमास तेल प्रतिलिटर रु ११५ बाट २३०, सूर्यमुखी तेल प्रतिलिटर रु १२५ बाट २४० सम्म पुगेको छ।

त्यसैगरी, चामलमा प्रतिकिलो रु १० देखि २०, मास दात प्रतिकिलो रु ३०, मुसुर दाल प्रतिकिलो रु ५०, मुङ दाल प्रतिकिलो रु ४०, रहर दाल प्रतिकिलो रु ७० सम्म बढेका छन्। त्यसैगरी, भटमासमा प्रतिकिलो रु ४० देखि ५०, केराउ प्रतिकिलो रु ६० देखि ७०, सिमी प्रतिकिलो रु २० देखि ३० सम्म मूल्य बढेको छ।

हाल बर्खायाममा फल्ने तरकारी र फलफूलको मौसम सकिएर हिउँदे तरकारी तथा फलफूलको मौसम शुरू भएकाले सोही अनुसार आपूर्ति भइरहेको समितिका सूचना अधिकारी विनय श्रेष्ठले बताए।

"कालीमाटीमा दैनिक औसत ८०० मेट्रिक टन तरकारी र फलफूल आउने गरेको छ। अहिले पनि त्यही अनुपातमैं आइरहेको छ। बजार माग बढेको वा बढी सामान आएको भन्ने अवस्था अहिले छैन," श्रेष्ठले भने। समितिको विवरण अनुसार मङ्गलवार सात लाख ५२ हजार ४४२ किलो तरकारी र फलफूल आएको छ।

त्यस्तै, सोमवार ८ लाख २७ हजार ९९६ किलो र आइतवार पाँच लाख ८९ हजार ४४८ किलो फलफूल र तरकारी कालीमाटीमा आएको देखिन्छ। सरकारले चालू आर्थिक वर्षमा मूल्यवृद्धि ७ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य लिएको छ।

चालु आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक अवधिमा मूल्यवृद्धि आठ दशमलव ५० प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसार असोज महीनासम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि आठ दशमलव ५० प्रतिशत पुगेको हो।

राष्ट्र बैंकका अनुसार तराई क्षेत्रमा मूल्यवृद्धि चर्को छ। पहिलो त्रैमासिक विवरण अनुसार काठमाडौं उपत्यकामा छ दशमलव ९३ प्रतिशत, तराईमा नौ ४२ प्रतिशत, पहाडमा आठ दशमलव ८४ प्रतिशत र हिमालमा सात दशमलव ०७ प्रतिशत महँगी बढेको छ।

यो अवधिसम्ममा खाद्य तथा पेय पदार्थको मुद्रास्फीति आठ दशमलव ०५ प्रतिशत र गैरखाद्य तथा सेवा क्षेत्रको मुद्रास्फीति आठ दशमलव ८५ प्रतिशत रहेको छ। त्यस्तै, रेस्टुराँ तथा होटल क्षेत्रको वार्षिक बिन्दुगत मुद्रास्फीति १५ दशमलव ९१ प्रतिशत, फलफूलको १२ दशमलव ०६ प्रतिशत, मदिराजन्य पेय पदाथको १० दशमलव २४ प्रतिशत, दुग्ध पदार्थ तथा अन्डाको नौ दशमलव ४५ प्रतिशत र सुर्तीजन्य पदार्थको आठ दशमलव ४४ प्रतिशत रहेको छ।

सेवा समूह अन्तर्गत यातायात क्षेत्रको मुद्रास्फीति २१ दशमलव १५ प्रतिशत, स्वास्थ्य क्षेत्रको १० दशमलव ५४ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणहरूको नौ दशमलव ४५ प्रतिशत र शिक्षाको आठ दशमलव ११ प्रतिशत छ। राष्ट्र बैंकका अनुसार असोज महीनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १३ दशमलव ७३ प्रतिशत रहेको छ।

# निर्वाचन पर्यवेक्षणमा दुई विदेशीसहित ४६ संस्था खटिंदै

काठमाडौं, ३० कात्तिक/रासस

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि दुई विदेशीसहित ४६ संस्था पर्यवेक्षणमा खटिने भएका छन्। त्यस्तै, विभिन्न छ देशका निर्वाचन आयोगका प्रतिनिधि पनि निर्वाचन पर्यवेक्षणका लागि नेपाल आउन लागेको निर्वाचन आयोगले जनाएको छ।




"हामीले मान्यता दिएका संस्थामध्ये दुई संस्था एशियन नेटवर्क फर फ्री इलेक्सन र सिभिक च्याम्बर अफ रसियन फेडेरेशन मात्रै पर्यवेक्षणमा सहभागी हुन लागेका छन्। नेपालभित्रका भने ४४ संस्थाले पर्यवेक्षणको अनुमति पाएका छन्," निर्वाचन आयोगका उपसचिव कमल भट्टराईले भने, "त्यसैगरी, भारत, बङ्गलादेश, भुटान, माल्दिभ्स, श्रीलङ्का र दक्षिण कोरियाका निर्वाचन आयोगका पदाधिकारी पनि पर्यवेक्षणका लागि नेपाल आउँदै हुनुहुन्छ।"

निर्वाचन आयोगका अनुसार भारतका प्रमुख निर्वाचन आयुक्त राजीव कुमारसहितको प्रतिनिधिमण्डल नेपाल आउँदैछन्। त्यस्तै, बङ्गलादेशका प्रमुख निर्वाचन आयुक्त काजी हबिबुल अवाल, भुटानका प्रमुख निर्वाचन आयुक्त सोनम तोप्गे र माल्दिभ्सका निर्वाचन आयोगका अध्यक्ष फुवाद थोफिकको नेतृत्वमा पदाधिकारी नेपाल आउँदैछन्।

श्रीलङ्काबाट दुई निर्वाचन आयुक्त एमएम मोहम्मद र एसबी देवरत्ने तथा दक्षिण कोरियाबाट इलेक्सन कमिश्नर किम चाङ–बोसहितको टोली नेपाल आउन लागेको पनि आयोगले जनाएको छ। उनीहरू काठमाडौं उपत्यकालगायत नजीकका जिल्लामा पर्यवेक्षणका लागि जानेछन्।

त्यस्तै, नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रतिनिधि र विशिष्ट व्यक्ति पनि चुनावी पर्यवेक्षणमा खटिनेछन्। "मतदानको दिन कूटनीतिक मिसनका प्रतिनिधिले अवलोकन गर्नुहुन्छ। ख्यातिप्राप्त, अनुभवी र विशिष्ट व्यक्तिलाई पनि आयोगले पर्यवेक्षणका लागि बोलाउन सक्छ," उपसचिव भट्टराईले भने।

निर्वाचन आयोग ऐनको दफा ६ ले कुनै स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित काम कारबाईको पर्यवेक्षण गर्न दिन सकिने व्यवस्था गरेको छ। त्यसका लागि निर्वाचन आयोगले अनुमति दिन्छ। पर्यवेक्षणमा खटिने व्यक्ति तथा संस्थाले निर्वाचनको वैधता, स्वतन्त्रता, निष्पक्षता, तटस्थता, समानतालगायतका विषय हेर्छन्।

त्यस्तै, निर्वाचनका क्रममा राजनीतिक दलहरूका गतिविधि, आचारसंहिताको पालना, सुरक्षा तथा राजनीतिक हिंसा, निर्वाचन स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र भयरहितरूपमा सञ्चालन भए/नभएकोबारेको अध्ययन पनि पर्यवेक्षक संस्थाले गर्छन्। यद्यपि पर्यवेक्षणका लागि खटिएका संस्था वा व्यक्तिले समेत आचारसंहिता उल्लङ्घन गर्न सक्ने र त्यस्तो गरेको पाइएमा कारबाई गरिने आयोगका उपसचिव भट्टराईले बताए।

पर्यवेक्षक संस्था र व्यक्तिका लागि छुट्टै आचारसंहिता तोकिएको छ। निर्वाचन आचारसंहिता २०७९ को परिच्छेद ६ मा पर्यवेक्षण गर्ने संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण समेटिएको छ।

पर्यवेक्षण अनुमति पाएका संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीन दिनभित्रमा त्यसको प्रतिवेदन निर्वाचन आयोगसमक्ष बुझाइसक्नुपर्ने व्यवस्था रहेको छ। त्यस्ता संस्थाले निर्वाचनकाक्रममा गरेको आयव्ययको विवरण पनि तीस दिनभित्रमा आयोगलाई बुझाइसक्नुपर्छ।

त्यस्तै पर्यवेक्षकले आयोगले अनुमति दिएका क्षेत्रमा मात्रै पर्यवेक्षण गर्न पाउँछन्। सुरक्षा संवेदनशील क्षेत्रमा पर्यवेक्षण गर्न पाइँदैन। पर्यवेक्षकले आफ्नो स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको पालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नपाउने व्यवस्था रहेको छ।

# उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको ११ बुँदे निर्देशन

काठमाडौं, ३० कात्तिक/रासस

निर्वाचन आयोगको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले सरकार, गृह मन्त्रालयमार्फत सम्बद्ध निकायलाई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न गराउन विभिन्न निर्देशन दिएको छ।

आज बसेको सो समितिको बैठकले निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका काम गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधि नगर्न नगराउन उपयुक्त सुरक्षा रणनीति अवलम्बन गर्ने निर्णय गरेको छ। निर्वाचनमा आचारसंहिता उल्लङ्नका गतिविधि, निर्वाचन प्रचारप्रसार निषेध अवधिमा हुन सक्ने अवाञ्छित गतिविधि, हातहतियार निषेधजस्ता कार्यको निगरानी गरी पूर्णरूपमा नियन्त्रणका लागि सम्बद्ध सबै पक्ष सक्रियरूपमा परिचालित हुन बैठकले निर्देशन दिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनको मितिभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाउने बताए।

मतदानको दिनको ४८ घण्टा अगाडिदेखि प्रचारप्रसार गर्न निषेध गरिएकाले उक्त अवधिमा सुरक्षा निकायले निगरानी बढाइ

(बाँकी चौथो पातामा)



म्यादी प्रहरी बुधवार मतदान केन्द्रमा जाने तयारी गर्दै। तस्वीर: रासस



**विवाह पञ्चमीका लागि सिङ्गारिएको जनकपुरधाम** : सीताराम विवाह पञ्चमी महोत्सवका अवसरमा सिङ्गारिएको जनकपुरधाम। तस्वीर: रासस

# क्रमिकरूपमा तापक्रम घट्दै

काठमाडौं, ३० कात्तिक/रासस

जल तथा मौसम विज्ञान विभागले तापक्रम क्रमिकरूपमा घट्दै गएकोले सतर्क रहन आग्रह गरेको छ।




विभागले एक विशेष बुलेटिन निकालेर देशभर पश्चिमी वायुको प्रभावले आंशिकदेखि सामान्य प्रभाव रही तापक्रम क्रमिकरूपमा घट्दै जाने सम्भावना देखिएकोले चीसोबाट जोगिन आवश्यक सावधान रहन सबैमा अनुरोध गरेको छ।

केही दिनयताको अवस्था हेर्दा न्यूनतम तापक्रम अझै घट्न सक्ने बताइएको छ। महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ९.० डिग्री र अधिकतम तापक्रम २२.० डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम २.६ डिग्री सेल्सियस र सबैभन्दा बढी जनकपुरको अधिकतम तापक्रम ३०.२ डिग्री सेल्सियस मापन गरिएको छ।

हाल देशको प्रदेश नं १, वाग्मती र कर्णाली प्रदेशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा छ। रातिको समयमा प्रदेश नं १ र गण्डकी प्रदेशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा भई प्रदेश नं १ र गण्डकी प्रदेशका हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना छ।

# ‘जो आफ्नो प्रतिनिधि चुन्न पाउँदैनन्’

-टीकाराम सुनार
जनकपुरधाम, ३० कात्तिक/रासस

देश चुनावमय छ। देशलाई नीति र नेतृत्व दिने प्रतिनिधिसभा र प्रदेशसभामा प्रतिनिधि चुन्ने र चुनिने चटारो सबैलाई छ । तर जनकपुरधाम उपमहानगरपालिका-४ बतिमपुरका अनुराज झा (२१) लाई आफ्नो प्रतिनिधि छान्न नपाउने भएपछि चुनावले छोएको छैन ।


तस्वीरः फाइल

अनुराज पढेका छन्, केही गर्ने हुटहुटी छ। अन्यायका विरुद्ध बोल्ने र सामाजिक रूपान्तरणका आन्दोलनहरूमा अगाडि देखिन रुचाउने स्वभाव छ। यसै कारण उनले प्रहरीबाट पिटाइ मात्रै होइन गिरफ्तारीसमेत दिएका छन्। अरू बेला र अरू मुद्दामा सधैं सक्रिय रहने अनुराज निर्वाचनको बेला भने कहिल्यै अगाडि आउँदैनन् ।

सामाजिक रूपान्तरणका आन्दोलनमा सधैं अगाडि देखिन रुचाउने गणेशमान चारनाथ नगरपालिका-३ भरतपुर, धनुषाका इन्द्रजीत साफी (२९)ले पनि यस्तै स्वभावका कारण आन्दोलनका क्रममा कैयनपटक गिरफ्तारी दिएका छन्। तर उनी पनि चुनाव आयो कि सधैं उत्साहित होइन निराश हुन्छन् ।

अनुराज र इन्द्रजीत मात्रै होइन, जीतपुरसिमरा उपमहानगरपालिका-७, रामटोल बाराका राहुल गुप्ता (२१) पनि चुनावको बेला सधैं तनाव हुने गरेको बताउँछन्। यतिबेला अधिकांश युवालाई चुनाव लागेको छ । कोही उम्मेदवार छन् त कोही चुनावी प्रचारमा होमिएका छन्। तर गुप्ता भने चुनाव छोडेर भारत पुगेका छन् ।

धेरैले प्रश्न गर्लान्, सधैं सक्रिय रहने उनीहरू किन निर्वाचनजस्तो महाउत्सवमा पनि सक्रिय र उत्साहित छैनन् ? त्यही प्रश्न मैले पनि पनि गरें। जवाफ आयो, “हामी न आफ्नो प्रतिनिधि चुन्न पाउँछौं, न त चुनिन, त्यसैले ।”

फेरि तपाईं सोच्दै हुनुहुन्छ होला उमेर, चाहना र क्षमताका कारण योग्य नभएर होला । अहँ ! उनीहरू सबैले नेता चुन्न निर्वाचन कानूनले तोकेको (१८ वर्ष) र उम्मेदवार बन्न आवश्यक उमेर (स्थानीय तहमा २१, प्रतिनिधि र प्रदेशसभामा २५ वर्ष) पार गरिसकेका छन् । अनि कारण के हो त ? फेरि जवाफ आयो, “नागरिकताविहीनता ।”

नेपालको संविधान र निर्वाचन कानून अनुसार मताधिकार प्रयोग गर्न मतदाता नामावली र मतदाता नामावलीका लागि नागरिकताको प्रमाणपत्र अनिवार्य छ । हो, नागरिकताविहीन भएकै कारण अनुराज, इन्द्रजीत र राहुलजस्ता लाखौं नागरिकले यो समस्या भोग्दै आएका छन् ।

“हामी चार पुस्तादेखि नेपालमैं छौं। मेरो बुबाले जन्मसिद्ध नागरिकता र आमाले वंशजको नागरिकता लिनुभएको छ। आमाको नामबाट नागरिकता बन्दैन, बुबा जन्मसिद्ध नागरिक भएकाले सरकारले नागरिकता दिन मिल्दैन भन्छ। त्यसैले हामी चारजना (अ)नागरिक भाइबहिनीले आफ्नो प्रतिनिधि चुन्न पाउँदैनौं,” अनुराजले दुःखेसो पोखे ।

“साथीहरू मत माग्न चुनावी प्रचारमा व्यस्त छन्, त्यो देखेर आफूलाई पनि रहर लाग्छ । मन त लाग्छ प्रचारमा जान तर मतदान नै गर्न नपाउने भएपछि किन जानु ?” अनुराजले भने, “नागरिकता नहुँदा उच्च शिक्षा पढ्न, सवारी चालक अनुमतिपत्र बनाउन, आफ्नो नाममा व्यापार-व्यवसाय गर्न त समस्या छ नै, त्योभन्दा बढी दुःख देश चलाउने आफ्नो प्रतिनिधि चुन्न नपाउँदा लाग्ने रहेछ ।”

अनुराज सामाजिक मुद्दामा अग्रपङ्क्तिमा रहेर काम गर्न रुचाउँछन्। त्यसैले जनकपुरमा हुने हरेक आन्दोलनमा उनको सहभागिता छ । आन्दोलनमा प्रहरीको पिटाइले बनेको दाग देखाउँदै भन्छन्, “आमाको नाममा नागरिकता दिलाउनका लागि भएको आन्दोलनमा प्रहरीको पिटाइले चोट लागेको थियो । त्यसैको दाग हो यो। यही देशको बालिग नागरिक भएर पनि मत दिन नपाउँदा अरू बेलाभन्दा निर्वाचनको बेला धेरै चहन्याइरहेको छ ।”

इन्द्रजीत नागरिकताविहीन सङ्घर्ष समिति नेपालका राष्ट्रिय अध्यक्ष हुन् । पढाइले इन्जिनीयर। सामाजिक मुद्दामा खरो बोल्छन् । नागरिकताविहीनहरूको अधिकारका बारेमा सङ्गठितरूपमा बोल्न २०७८ सालमा उनकै नेतृत्वमा सङ्घर्ष समिति बनाइएको छ। “नागरिकता छैन। सक्षम भएर पनि केही गर्न पाउँदैनौं । संविधान अनुसार नागरिकता ऐन अद्यावधिक नगरी लाखौं नागरिकको जिन्दगीसँग खेलबाड भएको छ,” साफीले भने, “यो देशमा जन्मिएर के अपराध गरेका छौं ? किन आफ्नो प्रतिनिधि चुन्नबाट वञ्चित गराइरहेको छ राज्यले ? कसले बुझ्छ राज्यविहीन हुनुको हाम्रो पीडा ।”

“साथीसँगी चुनावी प्रचार र आफ्नो प्रतिनिधि छान्न उत्साहित छन्। त्यो देखेर मन बहलाउँछु, खिन्न हुन्छु,” राहुल भन्छन्, “नेता चुन्न नै नपाएपछि दोस्रो दर्जाको नागरिक हुँ कि भनेर हीनताबोध हुन्छ। त्यसैले घर छोडेर भारत हिंडेको हुँ।” उनले आफ्नो भविष्य निर्माण गर्दा खाएको हन्डरभन्दा देशको भविष्य निर्माण गर्ने आफ्नो प्रतिनिधि चुन्न नपाएकामा पछुतो रहेको बताए। राहुलले रामटोलमा मात्रै पाँच सयभन्दा बढी नागरिक मतदानबाट वञ्चित हुनुपरेको उल्लेख गरे।

**‘मतदानबाट जवाफ दिने रहर अधूरै’**

आवधिक निर्वाचन लोकतन्त्रको महाउत्सव हो । मताधिकार महत्त्वपूर्ण अधिकार र नागरिक सहभागिताको समुच्च रूप । यही अधिकारको प्रयोग गरेर नागरिकले हरेक पाँच/पाँच वर्षमा आफ्नो अभिमत व्यक्त गर्छन्। तर एक लाख ९० हजार ७२६ जना जन्मसिद्ध नागरिकता पाएका नागरिकका करीब पाँच लाख ८० हजारभन्दा बढी सन्तान त्यो अधिकारबाट वञ्चित भएको नागरिकताविहीन सङ्घर्ष समिति नेपालको तथ्याङ्क छ ।

“नेपालको संविधान र निर्वाचन कानूनले मतदानका लागि मतदाता नामावलीमा समावेश गर्न १८ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरेको छ,” साफीले भने, “आमाबुबा नेपालका नागरिक भएपनि हामीजस्ता लाखौं बालिग सन्तान नागरिकताविहीन छौं । तर यस विषयमा कोही गम्भीर देखिएनन् ।”

जिल्ला युवा सञ्जाल धनुषाका अध्यक्ष कुलदीप साह मधेसीले बुबाआमाले मताधिकार पाउने तर बालिग भएको सन्तान त्यसबाट वञ्चित हुने कुरा हास्यास्पद भएको बताए । “आमाबुबा नागरिक हुने तर तिनका सन्तान भने अनागरिक हुने कुरा कसरी न्यायसङ्गत हुन सक्छ ? राज्य, सरकार र त्यसका सञ्चालक दलहरूले किन बुझ्दैनन् यो कुरा ? हामीले कहिलेसम्म यसको पीडा भोग्ने ?” कुलदीपले प्रश्न गरे ।

जनकपुरधाम उपमहानगरपालिका-३ का सुमितकुमार गुप्ताले पनि आमाबुबा नेपालको नागरिक हुने तर तिनका बालिग सन्तानलाई मताधिकार, राष्ट्रियता र सामाजिक पहिचानबाट वञ्चित गराउनु दुर्भाग्य भएको बताए। “हामी को हौं ? हाम्रो राष्ट्रियता के हो ?” सुमितको प्रश्न छ, “हामीले भोग्नुपरेको पीडाको दायित्व कसले लिने ? हामी नागरिकताविहीन हुनुको दोष कसको हो ? के नेपालमा जन्मिनु हाम्रो अपराध हो ?”

जनकपुरधाम उपमहानगरपालिका-२ की इन्दिराकुमारी महतो राजनीतिक दलले नागरिकतालाई राष्ट्रवाद र चुनावी मुद्दामैं सीमित राखेकाले आफूहरूले दुःख पाएको बताउँछन् । “मेरो वंशजको नागरिकता छ । पतिको परिवार पाँच पुस्तादेखि नेपालमैं बसिरहनुभएको छ । तर नागरिकता पाउनुभएको छैन । संविधानले आमाका नाममा नागरिकता पाउने भने पनि नागरिकता दिइँदैन । अब मेरो सन्तान राज्यविहीन हुँदैछन्,” उनले भनिन्, “हामी आग्रह गर्छौं, राज्य सञ्चालकहरू गम्भीर बनून् र निकास देऊन् ।”

नेपालको संविधानले कुनै पनि नेपालीलाई नागरिकताबाट वञ्चित नगर्ने व्यवस्था गरे पनि संविधान अनुसारको नागरिकता ऐन अद्यावधिक नहुँदा यस्तो समस्या आएको अधिकारकर्मीहरूको बुझाइ छ। थर्ड अलाइन्स मधेस प्रदेशका प्रमुख अर्जुन साहले २०७४ पछि निर्वाचित संसद्ले नयाँ नागरिकता ऐन बनाउने र त्यसमा नागरिकताविहीनहरूको आवाज सम्बोधन हुने अपेक्षा भएपनि ऐन बनाउने सरकार र नेताहरू गम्भीर नहुँदा लाखौंले नागरिकताबाट वञ्चित हुनुपरेको बताए। राज्यविहीन मधेसी युवा सङ्घर्ष समितिका केन्द्रीय अध्यक्षसमेत रहेका साहले अदालतले दिएको आदेशलाई समेत अवज्ञा गरेर सरकार तथा त्यसको नेतृत्वकर्ता दलहरूले आफूहरूको संवेदनामाथि खेलबाड गरिरहेको आरोप लगाए ।

“जन्मसिद्ध वा वंशजका आधारमा आमाबुबा नेपालको नागरिक हुने तर तिनैबाट जन्मिएका सन्तानले कहिलेसम्म अनागरिक बन्नुपर्ने हो ? कहिलेसम्म पहिचानविहीन हुने ?” साहले भने, “यो प्रश्नको जवाफ कसैले दिने ? पटक-पटक आश्वासन दिनेहरूलाई मतदानबाट जवाफ दिने मन थियो तर के गर्नु त्यो अवसर नै पाउँदैनौं !”

**‘खै ! कसले समाधान गर्ला ?’**

मतदान गर्ने दिन आउन अब पाँच दिन मात्रै बाँकी छ । चुनावी प्रचार उत्कर्षमा छ । उम्मेदवार तथा पार्टी नेता, कार्यकर्ता मतदाताको मन र मत जित्न अन्तिम प्रयासमा छन् । मतदाता पनि आफ्नो भावना एवं मुद्दा बोक्नेलाई मत हाल्ने योजना बनाउँदैछन् । तर वर्षौंदेखि मताधिकारबाट वञ्चित लाखौं नागरिकताविहीनले आफ्नो मुद्दा सम्बोधन गर्ने पार्टी र नेता भेटाउन सकेका छैनन्।

वर्षौंदेखि मत हाल्ने दिन कुरिरहेकाहरूले प्रश्न गरिरहेका छन्, कहिले मत हाल्न पाउँछन् ? भनेर। तर यसको उत्तर अहिलेसम्म भेटिएको छैन। मधेस आन्दोलन, संविधानसभाको निर्वाचन, संविधान निर्माण र त्यही संविधानका आधारमा दोस्रोपटक आमनिर्वाचन हुँदैछ। अरू चुनावमा जस्तै यसपटक पनि नागरिकताको मुद्दा जोडतोडका साथ उठिरहेकै छ। यो मुद्दा जसले जति उठाए पनि २०७४ सालको चुनावपछि राज्यविहीनताको अवस्थाबाट मुक्त हुने अपेक्षा पूरा नभएपछि अब कसैमाथि विश्वास नरहेको इन्दिराकुमारी महतोको भनाइ छ ।

अर्जुनकुमार साहले पनि वाचा पूरा नगर्ने दलहरूले अब पनि केही गर्छन् भन्ने विश्वास नै नरहेको बताए । चुनावी प्रचारका क्रममा अहिले पनि उम्मेदवार तथा नेताहरूले आफ्नो दलले मात्रै नागरिकता समस्या समाधान गर्ने भनिरहेका छन् । कतिपय नेताहरूले आफ्नो दलको नेतृत्वमा बन्ने सरकारको अबको प्राथमिकता नागरिकता समस्या समाधान गर्न त्यससम्बन्धी कानून बनाउने हो भनेर प्रचार गरिरहेका छन् । तर अधिकांश नागरिकताविहीनले यसलाई आफूहरूको सहानुभूति र आफन्त एवं परिवारका सदस्यबाट मत बटुल्न बोलिएको प्रपञ्चका रूपमा मात्रै बुझेका छन्। कुराकानीका क्रममा अधिकांशले राज्यविहीनहरूको समस्या समाधान गर्ने वचनमा पक्का उम्मेदवार र नेता अहिलेसम्म भेटाउन नसकेकाले यो चुनावबाट पनि कुनै आशा एवं उत्साह नरहेको बताएका छन्। “कोही गम्भीर छैनन्, न मधेसवादी न त अरू,” उनीहरूको भनाइ छ, “सबैसँग भरोसा र विश्वास टुटिसक्यो । बोलेर होइन काम गरेपछि विश्वास गरौंला ।” अधिकांशको संशय छ, “आफ्नो प्रतिनिधि चुन्ने अधिकारबाट वञ्चित हामीहरूको मुद्दा कसले सम्बोधन गर्ला ? खै !”

## उच्चस्तरीय निर्वाचन सुरक्षा....

प्रचारप्रसारलगायतका निर्वाचन कानून प्रतिकूल हुने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि पूर्णरूपमा नियन्त्रण गर्ने, आयोगबाट जारी गरिएको मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ को पूर्ण पालना गरी, गराइ मतदानका दिन सवारीको व्यवस्थित आवागमनको प्रबन्ध गर्ने, सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा ३० मिनेटभित्र पुग्न सक्ने गरी पर्याप्त रिजर्भ फोर्सको व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकता अनुसार सुरक्षा गस्ती परिचालन गर्नेगरी निर्देशन दिइएको उनले जानकारी दिए ।

## फरक समाचार

# एलर्जीको रोगीले अपनाउनुपर्ने सावधानी

हावाको गुणस्तर खराब भएपछि मानिसलाई थुप्रै स्वास्थ्य सम्बन्धी समस्याको सामना गर्नुपर्छ । बढ्दो प्रदूषणको कारण लगातार हाछ्यूँ आउने, नाक बग्ने, आँखा रातोपन हुने, सास फेर्न समस्या र खोकीका कारण अधिकांश व्यक्ति परेशान छन्। प्रदूषणको कारण एलर्जीका रोगी बढी पीडित हुन्छन् । विशेषगरी ससँग सम्बन्धित रोगीमा अस्थमा र ब्रोङकाइटिस आक्रमण हुने सम्भावना बढ्छ। एलर्जीका रोगीको इम्युन सिस्टम कमजोर हुन्छ, जसले गर्दा उनीहरूलाई सजिलै एलर्जीले आक्रमण गर्छ । प्रदूषणबाट जोगिन रोगीले विशेष ध्यान दिनुपर्छ ।



**ढोका र झ्याल बन्द गर्ने :** ढोका र झ्याल बन्द राखेर घरभित्र प्रदूषण कम गर्न सकिन्छ । झ्यालबाट दूषित हावा घरभित्र प्रवेश हुन्छ, जसले गर्दा सास सम्बन्धी समस्या बढाउँछ। भेन्टिलेशनको लाागि बाथरूमको भेन्ट चालू राख्नुपर्छ।

**पालुवा जनावरदेखि दूरीः** एलर्जीका रोगीले पालुवा जनावरदेखि टाढा बस्नुपर्छ। पालुवा जनावरलाई शयन कक्षभन्दा टाढा राखेर साससम्बन्धी समस्याबाट जोगिन सकिन्छ । जनावरको छालाबाट निस्किने चाया र रौंले पनि एलर्जी बढाउँछ ।


**मास्क :** प्रदूषणबाट जोगिन मास्क अवश्य प्रयोग गर्नुपर्छ। घरबाट बाहिर निस्किने समयमा मास्क लगाउन बिर्सनुहुँदैन। ठूलाबडादेखि बच्चाले पनि मास्क लगाउनुपर्छ । अहिले बच्चामा पनि खोकी र अस्थमाको समस्या बढिरहेको छ । मास्कले केही हदसम्म प्रदूषणबाट सुरक्षा प्रदान गर्न सक्छ ।

**प्रोबायोटिकको सेवनः** सिजनल एलर्जी र गट ब्याक्टेरियाबीच सम्बन्ध हुन्छ जुन प्रोबायोटिकबाट ठीक गर्न सकिन्छ। यसैले एलर्जी ट्रिगर गरेपछि चिकित्सकको सल्लाह बमोजिम प्रोबायोटिक वस्तुको सेवन गर्नुपर्छ ।

**असेन्शियल तेलः** एलर्जीमा थुप्रै असेन्शियल आयल फाइदाजनक हुन्छ । लैभेन्डर, टी ट्री र युकलिप्टस तेल एन्टि-इन्फ्लेमेटरी गुणले भरिपूर्ण हुन्छ । जसले कन्जेशन, चिलाउने र आँखा सुन्निनेबाट राहत दिन्छ । तेल प्रयोग गर्नुभन्दा पहिले एलर्जी छ कि छैन सुनिश्चित गर्नुपर्छ ।

# के हो सिओपिडी रोग

क्रोनिक अब्सट्र्याक्टिभ पल्मोनरी डिजिजलाई सिओपिडी भनिन्छ । यो फोक्सोसम्बन्धी रोग हो, जसमा वातस्फिति (एम्फाइजिमा) र ब्रोङ्काइटिसजस्तो स्थितिमा फोक्सो नराम्ररी प्रभावित हुन्छ । वातस्फिति फोक्सालाई सङ्क्रमित गरेर सास फेर्न कठिनाइ उत्पन्न गर्छ र ब्रोङकाइिटिस ब्रोन्कियल नलीको सुजन र त्यो खुम्चिएको कारण बन्छ। सिओपिडी रोगीले कफ बन्ने कारण, खोकी, सास र घाँटी जकडनजस्तो स्थितिको सामना गर्नुपर्छ । सिओपिडीको मुख्य कारण धूमपान र अस्थमा हो। हेल्थ रिपोर्ट अनुसार संसारमा लाखौं व्यक्ति यस रोगबाट ग्रसित छन् । आज वर्ल्ड सिओपिडी दिवस-२०२२ को अवसरमा यस रोगबारे जानकारी राखौं ।



**सिओपिडीको मुख्य कारणः**

हेल्थलाइन डटकम अनुसार सिओपिडी ४० वर्ष उमेरका व्यक्तिमा बढी देखिन्छ, जसमा धूमपान मुख्य कारण हो। स्वास्थ्य विज्ञका अनुसार सिओपिडीको सबैभन्दा खतरा त्यस्ता व्यक्तिलाई हुन्छ, जसले धूमपान र सुर्ती सेवन गर्छन् ।

अस्थमाका रोगीमा सिओपिडीको खतरा हुन सक्छ। त्यसको साथ शरीरमा अल्फा-१-एन्टिट्रिप्सन नामक प्रोटिन कम हुनु यसको एउटा कारण हो । बढी प्रदूषित क्षेत्र, धूवाँको सम्पर्कमा बस्ने वा केमिकल कारखानामा काम गर्न पनि यस रोगको एउटा कारण हुन सक्छ ।

**लक्षणः** सिओपिडिएको प्रारम्भिक लक्षण भनेको खोकी हुनु, घाँटीमा कम फस्नु, छाती ऐठन र घरघराहट महसूस हुनु आदि हो। तर सिओपिडीको लक्षण बिस्तारै-बिस्तारै गम्भीर हुँदै जान्छ। यी लक्षण निम्न हुन सक्छः छातीमा ऐठन, सास फेर्दा अनौठो आवाज महसूस हुने, चाँडै खोकी लाग्ने, फ्लु, रेस्पिरेटरी सङ्क्रमण, हरेक समय थकान महसूस हुने, गम्भीर स्थितिमा खुट्टा सुन्निने र वजन घट्ने गर्छ ।

**बचाउः** सिओपिडीको कुनै टेस्ट वा जाँच उपलब्ध छैन, केवल अनुमान र लक्षण हेरेर पत्ता लगाइन्छ । सिओपिडीको लक्षण महसूस भएमा तुरुन्त चिकित्सकसँग सम्पर्क गर्नुपर्छ । यदि धूमपानको बानी छ, परिवारमा कोही सिओपिडीबाट पीडित छ, अस्थमा वा कुनै प्रकारको रेस्पिरेटरी सङ्क्रमणबाट ग्रस्त छ, लामो समयदेखि खोकी र सास फेर्न समस्या भइरहेको छ भने तुरुन्तै चिकित्सकसँग सल्लाह लिनुपर्छ ।



### क्यास्सियमको कमी भएपछि शरीरले दिने ५ सङ्केत

- हाड कमजोर हुने
- कपाल झर्ने
- दाँत कमजोर हुने
- मांसपेशी र जोर्नी दुख्ने
- नङ कमजोर हुन्छ

क्याल्सियमको पूर्ति कसरी गर्ने ?

- क्याल्सियमयुक्त आहार बढी सेवन गर्ने
- दूध पिउने, - बदाम खाने
- लिची, ओखर, अङ्कुरित अन्नजस्ता क्याल्सियमयुक्त आहार सेवन गर्नुपर्छ ।

-प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इरानले यमन पठाएको सत्तरी टन मिसाइल इन्धन अमेरिकी सेनाको कब्जामा



गल्फ अफ ओमानमा एउटा सानो जहाजमा मलखादका साथ ७० टन मिसाइल बनाउने इन्धन फेला पर्‍यो । फोटो.: एपी

दुबई, ३० कात्तिक/एपी

इरानले यमन पठाएको सत्तरी टन 'मिसाइल' इन्धन अमेरिकी सेनाले नियन्त्रणमा लिएको छ। इरानबाट यमन जाने पानीजहाजमा मलका झोलामा लुकाइएको ७० टन मिसाइल इन्धन अमेरिकी नौसेनाले मङ्गलवार नियन्त्रणमा लिएको बताएको छ ।

यमनमा युद्धविराम भङ्ग भएपछि अवैधरूपमा पठाइएको उक्त इन्धन पहिलोपटक जफत भएको हो। अमेरिकी सेनाले जफत गरेको इन्धनले एक दर्जनभन्दा बढी मध्यम दूरीका ब्यालिस्टिक क्षेप्यास्त्र सञ्चालन गर्न सकिन्छ । यमनका इरान समर्थित हुथी विद्रोहीले देशको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकार र साउदी नेतृत्वको गठबन्धन सेनालाई आक्रमण गर्न प्रयोग गरेका हतियारमा बरामद इन्धन उपयोग गरिएका अमेरिकी नौसेनाले बताएको छ ।

विस्फोटक पदार्थसमेत बनाउन मिल्ने मल र मिसाइल इन्धनको ढुवानी गम्भीर चिन्ताको विषय नौसेनाका प्रवक्ता टिमोथी हकिन्सले इरानबाट यमनमा भएको हतियारको अवैध ढुवानीले अस्थिरता र हिंसा निम्त्याएको बताएका छन्। संयुक्त राज्य अमेरिका र साउदी अरबलगायत अन्य राष्ट्रलाई, इरानको इस्लामिक गणतन्त्रको धर्मतन्त्रलाई परास्त गर्न आह्वान गर्दै महीनौंदेखि विरोध प्रदर्शनमा उत्रेको इरानी जनतालाई उत्तेजित पारेको आरोप लगाएको इरानको गोप्य इन्धन निकासी सार्वजनिक भएको छ। विरोध प्रदर्शन दबाउन तेहरानले गरेको कारबाईमा ३४४ जना मारिएका छन् भने १५,८२० जना पक्राउ परेका छन् ।

कूटनीतिक प्रयासको असफलतासँगै छ महीनाका निम्ति गरिएको युद्धविरामको अवधि गत महीना समाप्त भएपछि यमनमा द्वन्द्व बढेको छ । यमन युद्धका कारण १४,५०० सर्वसाधारण र एक लाख ५० हजारको ज्यान गएको छ। युद्धविरामको अन्त्य भएसँगै देशका विभिन्न भागमा विद्रोहीले आक्रमण जारी राखेका छन् ।

सन् २०१४ मा संयुक्त राष्ट्रसङ्घले हुथी समूहलाई हतियार हस्तान्तरणमा प्रतिबन्ध लगाए पनि इरानले समुद्री मार्गबाट उक्त समूहलाई हतियार निर्यात गर्दै आएको छ । रासस

## भारतका स्वास्थ्य पूर्वाधारमा लगानी बढाउँदै अमेरिका

वाशिङ्टन, ३० कात्तिक/एएनआई

संयुक्त राज्य अमेरिकाले भारतका स्वास्थ्य पूर्वाधारमा एक करोड ५० लाख डलरभन्दा बढी लगानी गर्ने भएको छ। सङ्घीय सरकारको सहायता निकाय ग्लोबल इन्फ्रास्ट्रक्चर एन्ड इन्भेस्टमेन्टले भारतसँगको साझेदारी बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्न लागेको ह्वाइट हाउसले जनाएको छ ।

इन्टरनेशनल डेभलपमेन्ट फाइनान्स कर्पोरेशनले भारतमा सेवा नपुगेका स्थानमा नेत्र परीक्षण केन्द्र, शल्यक्रिया, सामाजिक उद्यम, महिला उद्यमशीलता विकास तथा महिलाले उत्पादन गरेका सरसफाइका सामग्रीको प्रवर्द्धनमा लगानी गरिने ह्वाइट हाउसले बताएको छ ।

अमेरिका, इन्डोनेशिया र युरोपेली सङ्घका नेताले इन्डोनेशियाको बालीमा जारी विश्वका प्रमुख विकसित एवं उदीयमान अर्थतन्त्रहरूलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी-२० को शिखर बैठकमा विश्वव्यापीरूपमा निम्न र मध्यम आय भएका देशमा गुणस्तरीय पूर्वाधारमा लगानी बढाउनुपर्ने तथा विश्व अर्थतन्त्रलाई पुनः गतिशील एवं सुदृढ तुल्याउनुपर्नेमा जोड दिएका छन्। शिखर सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति जो बाइडेन, इन्डोनेशियाका राष्ट्रपति जोको विडोडो र युरोपेली आयोगका अध्यक्ष उर्सुला फोन डेयर लेनले अर्जेन्टिना, क्यानडा, फ्रान्स, जर्मनी, भारत, जापान, गणतन्त्र कोरिया, सेनेगल र संयुक्त अधिराज्यका मन्त्री तथा नेतासँग बेग्लाबेग्लै भेटेर साझा चासोका विश्वव्यापी मुद्दाका साथै पूर्वाधार निर्माणमा लगानी बढाउनेबारेमा विचारविमर्श गरेका थिए। ग्लोबल इन्फ्रास्ट्रक्चर एन्ड इन्भेस्टमेन्टमार्फत लगानी गर्नेबारेमा पनि उनीहरूबीच छलफल भएको थियो। रासस

## रूसी क्षेप्यास्त्र पोल्याण्डमा खस्दा दुईजनाको मृत्यु

वार्सा, ३० कात्तिक/एपी

पोल्यान्डले रूसमा निर्मित क्षेप्यास्त्र देशको पूर्वी भागमा खसेको तथा त्यसबाट आफ्ना दुईजना नागरिक मारिएका बताएको छ । क्षेप्यास्त्र खसेसँगै रूस-पोल्यान्डबीच आरोप-प्रत्यारोप पनि शुरू भएको छ ।

उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)को सदस्य पोल्यान्डमाथि नियतवश आफ्नो भूमिमा आक्रमण भएको वार्साले आरोप लगाएको छ भने मस्कोले त्यसको खण्डन गरेको छ । युक्रेनी राष्ट्रपति भोलोडिमर जेलेन्स्कीले घटनाको निन्दा गरेका छन् । इन्डोनेशियाको बालीमा क्षेप्यास्त्र प्रहारको विषयलाई लिएर नाटोको आपत्कालीन बैठक भएको छ। बैठकमा राष्ट्रपति बाइडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रों र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेयर उपस्थित थिए। उन्नत अर्थतन्त्र भएका प्रमुख विकसित देश अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी, जापान, बेलायत र इटाली सम्मिलित अन्तर्राष्ट्रिय अन्तरसरकारी आर्थिक सङ्गठन जी-७ को बैठक पनि भएको छ ।

इन्डोनेशियाको बालीमा जारी विश्वका प्रमुख विकसित एवं उदीयमान अर्थतन्त्रहरूलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी-२० को शिखर बैठकमा पनि उक्त घटनाबारे विश्वनेताले चिन्ता व्यक्त गरेका छन्। प्रारम्भिक विवरण अनुसार रूसको नियोजित आक्रमण हो वा होइन भन्नेबारेमा पोल्यान्डले अनुसन्धान थालेको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले क्षेप्यास्त्र रूसबाट प्रहार नभएको हुन सक्ने बताएका छन् ।

अन्नपात सुकाइरहेका गाउँलेमाथि क्षेप्यास्त्र खसेको पोल्यान्डका सुरक्षा अधिकारीहरूले बताएका छन् । जी-७ ले क्षेप्यास्त्र आक्रमणको निन्दा गरेको छ । एक वक्तव्य निकालेर समूहले आक्रमणलाई बर्बर भनेको छ । पोल्यान्डको अनुसन्धानप्रति आफ्नो पूर्ण समर्थन रहेको तथा सहयोग गर्न तत्पर रहेको बताएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले पनि पोल्यान्डमा क्षेप्यास्त्र खसेको घटनाबाट आफू चिन्तित रहेको बताउँदै त्यसको विस्तृत अनुसन्धानका लागि आह्वान गरेका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनखति |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

वीरगंज महानगरपालिका कार्यालय

## विद्युतीय भुक्तानीबाट हुने कारोबार बढ्दो

काठमाडौं, ३० कात्तिक/रासस

प्रविधिको प्रयोग र पहुँच बढेसँगै पछिल्लो समय विद्युतीय भुक्तानीमा वृद्धि भएको छ ।

केन्द्रीय बैंकले बुधवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको तीन महीनासम्मको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी तथ्याङ्क अनुसार विद्युतीय भुक्तानीमा वृद्धि भएको पाइएको हो। गत आर्थिक वर्षको तुलनामा चालू आवको पहिलो तीन महीनामा विद्युतीय भुक्तानीको प्रयोगमा उल्लेख्य वृद्धि भएको देखिन्छ। यस्तो कारोबारमा एटिएम, विद्युतीय भुक्तानी प्रणाली, कनेक्ट आइपिएस, मोबाइल बैंकिङ, वालेट, प्रिपेड कार्ड, क्युआर कोडलगायतको प्रयोग बढेको छ ।

सार्वजनिक तथ्याङ्क अनुसार गत आवमा क्विक रेस्पोन्स (क्युआर) कोडमा आधारित भुक्तानीको प्रयोग उच्च दरले बढेको देखिन्छ । गत आवको पहिलो तीन महीनामा क्युआर कोडको प्रयोग गरी रु छ अर्ब नौ करोड ७० लाखको कारोबार भएकामा चालू आवको समीक्षा अवधिमा यसको प्रयोग गरी रु १७ अर्ब ३३ करोड ७० लाखको कारोबार भएको छ ।

त्यस्तै, चालू आवको असोज मसान्तसम्म प्रिपेड कार्डको माध्यमबाट रु ४३ करोड ६० लाखको कारोबार भएको छ । यस्तो कार्डको प्रयोगबाट अघिल्लो आवको सोही अवधिमा रु १५ करोड ३० लाखको कारोबार भएको थियो।

केन्द्रीय बैंकका अनुसार कारोबारमा मोबाइल बैंकिङको प्रयोग गत आवको तुलनामा बढेको छ। गत आवको असोज मसान्तसम्म मोबाइल बैंकिङको प्रयोग गरी रु ८७ अर्ब ७३ करोड २० लाख बराबरको कारोबार भएकामा चालू आवको सोही अवधिमा रु एक खर्ब ६२ अर्ब १३ करोड ७० लाख पुगेको छ ।




तस्वीरः फाइल

त्यस्तै, चालू आवको पहिलो तीन महीनामा एटिएमको प्रयोग गरी रु ८८ अर्ब ८९ करोड ६० लाखको कारोबार भएको छ । यसको प्रयोग गरी गत आवको सोही अवधिमा रु ७६ अर्ब ५३ करोड ७० लाखको कारोबार भएको छ।

त्यस्तै, समीक्षा अवधिमा कनेक्ट आइपिएसको प्रयोगबाट हुने कारोबार २८ दशमलव ४८ प्रतिशतले बढेको छ। अघिल्लो आवको पहिलो तीन महीनामा रु दुई खर्ब ३९ अर्ब १४ करोड ८० लाखको कारोबार भएकोमा चालू आवको समीक्षा अवधिमा रु तीन खर्ब सात अर्ब २७ करोड ५० लाखको कारोबार भएको छ।

राष्ट्र बैंकका अनुसार चालू आवको पहिलो तीन महीनामा वालेटमार्फत रु १६ अर्ब ५६ करोड ८० लाखको कारोबार भएको छ । यसको प्रयोग गरी गत आवको सोही अवधिमा रु १५ अर्ब १८ करोड ७० लाखको कारोबार भएको थियो ।

विवरण अनुसार अघिल्लो आवका आधारमा चालू आवको असोज मसान्तसम्म इन्टरनेट बैंकिङका माध्यमबाट हुने भुक्तानीमा भने कमी आएको देखिएको छ ।

गत आवको पहिलो तीन महीनामा इन्टरनेट बैंकिङको प्रयोग गरी रु १३ अर्ब ३४ करोड ४० लाख बराबरको कारोबार भएकामा चालू आवको समीक्षा अवधिमा रु ११ अर्ब ९५ करोड ९० लाख बराबरको कारोबार भएको छ ।

विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण मुलुकमा विद्युतीय भुक्तानी कारोबार उल्लेख्य बढेको केन्द्रीय बैंकले जनाएको छ ।

## जयनगर-कुर्था रेल चार दिन बन्द हुने

जनकपुरधाम, ३० कात्तिक/रासस

जयनगर-कुर्था रेलवे मार्गमा बिहीवारदेखि चार दिन रेलसेवा बन्द हुने भएको छ ।




मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई दृष्टिगत गरी मङ्सिर १ गते बिहीवारदेखि मङ्सिर ४ गते आइतवारसम्म रेलसेवा बन्द रहने नेपाल रेलवे कम्पनी लिमिटेडले जनाएको छ ।

निर्वाचनलाई लक्षित गरी ७२ घण्टाअघिदेखि भारतीय सीमानाका बन्द हुने भएकाले रेलसेवासमेत बन्द गरिएको नेपाल रेलवे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक निरञ्जनकुमार झाले जानकारी दिए ।

मङ्सिर ५ गते सोमवारदेखि रेलसेवा नियमितरूपमा सञ्चालन हुने उनले बताए। जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत २० गतेदेखि नियमित रेल सेवा सञ्चालन भइरहेको छ ।

यस्तै, जिल्ला प्रशासन कार्यालय, धनुषाले पनि मङ्सिर १ देखि ५ गतेसम्म शान्तिसुरक्षाबाहेक सबै सेवा बन्द रहने जनाएको छ। धनुषाका सहायक प्रजिअ अनुज भण्डारीले सूचना जारी गरी कार्यालयका अधिकांश कर्मचारी निर्वाचनमा खटिनुपर्ने भएकाले शान्तिसुरक्षाबाहेक सबै सेवा बन्द गरिने जानकारी दिए ।

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

### सिलबन्दी दररेट पेश गर्नेसम्बन्धी सूचना

सूचना नं २०७९/८०-५, प्रथमपटक सूचना प्रकाशित मितिः २०७९/०७/३०

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/०७/१६ को निर्णय अनुसार र प्रधानमन्त्री आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन एकाइ, खुमलटार, ललितपुरको प.सं. २०७९/८० (यो) चनं ३०४ मिति २०७९/०७/२९ को पत्र अनुसार चालू आव २०७९/८० का लागि "न्यूनतम समर्थन मूल्यमा धान व्यवस्थापन गर्नेसम्बन्धी निर्देशिका २०७७" बमोजिम यस पर्सा जिल्ला कृषकबाट उत्पादित धान न्यूनतम समर्थन मूल्यमा खरीद गर्ने सहकारी संस्थाहरूले तपसिलमा उल्लिखित आवश्यक कागजातसहित मिति २०७९/०८/१४ गतेभित्र यस परियोजना कार्यान्वयन एकाइमा सूचीकृत हुन यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल
१. रु.१० को टिकटसहित निवेदन ।
२. सहकारी संस्था तथा नवीकरण प्रमाणको प्रतिलिपि ।
३. गत आवको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. सम्बन्धित उपमनपा/नगरपालिका/गाउँपालिका/वडा कार्यालयको सिफारिशपत्र ।
५. सहकारी संस्थाको शेयर पूँजी, कारोबार रकम र कार्यक्षेत्रको विवरण ।
६. धान खरीद गर्न चाहेको धानको परिमाण र किसिमको विवरण ।
७. धान खरीद गर्न चाहेको स्थानीय तह तथा वडासमेत खुल्ने गरी इच्छुक क्षेत्रको विवरण ।
८. धान खरीदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोतको विवरण ।
९. खरीद गरेको धान भण्डारण प्रशोधन एवं बजार व्यवस्थापनसम्बन्धी विवरण ।
१०. धान खरीद, ढुवानी भण्डारण तथा व्यवस्थापन, प्रशोधन एवं बजार व्यवस्थापनसम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापनसम्बन्धी विवरण र
११. धान खरीद बिक्रीको लागि आवश्यक पर्ने अन्य विवरण ।

(सम्पर्क व्यक्तिः ९८६५१९३१७९ रिफान चौधरी)

# चुनाव प्रचार अन्तिम चरणमा, उम्मेदवारहरू घरदैलो, भेटघाटमा व्यस्त

प्रस, वीरगंज, ३० कात्तिक/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसार अन्तिम चरणमा छ । यसै क्रममा उम्मेदवारहरूको घरदैलो, भेटघाट, सभालगायत चुनावी प्रचारप्रसार अभियान झनै तीव्र गतिमा भइरहेको छ ।




बिहान, दिउँसो, साँझ तीन चरणमा घरदैलो गर्दै आएका उम्मेदवारहरूले अहिले घरदैलोसहित भेटघाट कार्यक्रमलाई बुधवारदेखि बढाएका छन्। बिहानदेखि उम्मेदवारहरू आआफ्नो क्षेत्रका मतदाताहरूलाई रिझाउन भेटघाट गरिरहेका छन्। यसैमा उनीहरूले मतदाता शिक्षा पनि दिंदैछन् । मत बदर नहोस् भनेर कार्यकर्तामार्फत मतदाताहरूलाई जागरूक गराइरहेका छन् ।

निर्वाचन आयोगले स्थानीय पालिकाको सहयोगमा वडाहरूमा कात्तिक १८ गतेदेखि मतदाता शिक्षा कार्यक्रम शुरू गरेको छ। यो कार्यक्रम मङ्सिर १ गतेसम्म जारी रहने बताइएको छ। प्रत्येक वडामा एकजना स्वयंसेविका खटाएर मतदाता शिक्षा दिने कार्य भइरहेको छ। एकजना स्वयंसेविकाबाट मतदाता शिक्षा एउटा वडामा सम्भव नभएकोले मत बदर नहोस् भनेर उम्मेदवारहरूले पनि आआफ्ना कार्यकर्ताहरूमार्फत मतदाता शिक्षालाई बढावा दिएका छन् ।




यसै क्रममा बुधवार पर्सा क्षेत्र नं १ (२)बाट प्रदेशसभा सदस्यमा हाम्रो नेपाली पार्टीका उम्मेदवार ओमप्रकाश सर्राफ, समानुपातिक उम्मेदवार गुड्डी जोशीले वडा नं १६ मिथिलानगर र वडा नं २ को लक्ष्मीनारायण टोलमा घरदैलो गरेका थिए ।



यसैगरी, पर्सा क्षेत्र नं २ (२)बाट स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले बहुदरमाई नगरपालिका–२, वीरगंज महानगरपालिका–१९ विन्ध्यवासिनी, वडा नं १७ को कोनिया र वडा नं ६ मा मतदाताहरूसँग भेटघाट गरेका थिए । स्वतन्त्र उम्मेदवार सिंहले आजदेखि घरदैलो कार्यक्रमलाई बिराम दिएर कार्यकर्तासँग भेटघाटलाई तीव्रता दिएको बताए ।

यसैगरी, क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेपाली काङ्ग्रेसका अजयकुमार चौरसिया र २ (१)बाट प्रदेशसभा सदस्यमा नेकाका उम्मेदवार श्याम पटेलले पर्सागढी नगरपालिका–३ आमोदेवी, वडा नं ४ बर्वाटाँडी, परशुरामपुर, बडेर्वा, वडा नं १ मनवामा घरदैलो गर्दै मतदाताहरूसँग भेटघाट गरेका थिए । उनले पनि आजदेखि घरदैलो कार्यक्रमलाई बिराम दिएर मतदाताहरूसँग भेटघाट गर्ने, उनीहरूको समस्या बुझ्ने र चुनावी रणनीति तयार गर्नेजस्ता कार्य भएको बताए । उनले भेटघाटमा मतदान कसरी गर्ने भन्नेबारेमा पनि कार्यकर्ताहरूमार्फत मतदाताहरूलाई जागरूक गरेको बताए ।

क्षेत्र नं ३ मा जसपा–एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार राजकुमार गुप्ताले सखुवाप्रसौनी गाउँपालिका–६ का एकडर्वा र लखनपुरमा घरदैलो गरेका थिए । क्षेत्र नं ३ (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार मन्जुर अन्सारीलगायतको सहभागिता थियो ।

पर्सा क्षेत्र नं १ बाट जसपा–एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार जसपाका प्रदीप यादवले आज वीरगंज–७ र ८ का विभिन्न टोलमा चुनावी कार्यक्रम अन्तर्गत घरदैलो गरे । कार्यक्रममा पर्सा क्षेत्र नं १ (२)बाट प्रदेशसभाका उम्मेदवार मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीलगायतको सहभागिता थियो ।

यसैगरी, पर्सा क्षेत्र नं २ (२)बाट वाम लोकतान्त्रिक गठबन्धनका प्रदेशसभा सदस्यका उम्मेदवार रमेश कुर्मीले वीरगंज–२५ श्रीसियास्थित निवासमा कार्यक्रम गरी चुनावी घोषणापत्र सार्वजनिक गरे । उनले यसअघि आफू निर्वाचित भएपछि गरेका कामहरू र आगामी गर्ने कार्यहरूलाई प्राथमिकतामा राखेर प्रतिबद्धतापत्रमार्फत सार्वजनिक गरेका थिए । दिउँसो प्रतिबद्धतापत्र सार्वजनिक गरेका कुर्मीले बिहान सो स्थानमा घरदैलो गरेका थिए ।






# खेलकूदको संसार

## नेपालले पाकिस्तानलाई हरायो

काठमाडौं, ३० कात्तिक/रासस

अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फूटबल खेलमा नेपालले पाकिस्तानलाई पराजित गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधवार भएको खेलमा नेपालले पाकिस्तानलाई १–० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। यस जीतसँगै नेपालले दशरथ रङ्गशालामा ५०औं खेल पूरा गर्‍यो। यसअघि दशरथ रङ्गशालामा सन् १९८४ मा आयोजना भएको पहिलो दक्षिण एशियाली खेलकूद प्रतियोगितामा नेपालले औपचारिक खेल खेलेको थियो।


तस्वीरः रासस

नेपालको जीतमा अञ्जन विष्ट नायक बने। उनले खेलको ८२औं मिनेटमा गरेको एक गोल नै नेपालको लागि निर्णायक गोल साबित भयो। सुनील बलको पासलाई सदुपयोग गर्दै अञ्जनले गोल गरेका थिए। पाकिस्तान विश्व फूटबलको सर्वोच्च निकाय (फिफा)को निलम्बन फुकुवा भएपछि पहिलो अन्तर्राष्ट्रिय खेल खेल्न नेपाल आएको हो। नेपालले पछिल्लोपटक पाकिस्तानसँग सन् २०१८ मा खेलेको थियो। बङ्गलादेशको ढाकामा भएको साफ च्याम्पियनशिपमा नेपाल पाकिस्तानसँग २–१ गोलअन्तरले पराजित भएको थियो।

## विश्वकप हेर्न शुल्क तिर्नुपर्ने

काठमाडौं, ३० कात्तिक/रासस

सर्वोच्च अदालतले विश्वकप फूटबल प्रतियोगिताका नाममा कुनै पनि रकम नउठाउन दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ।




न्यायाधीशद्वय प्रकाशकुमार ढुङ्गाना र डा मनोजकुमार शर्माको संयुक्त इजलासले बुधवार उक्त रिटमा सुनुवाइ गर्दै विश्वकपको प्रत्यक्ष प्रसारणबापत शुल्क लिने मिडिया हबको निर्णय कार्यान्वयन गर्न बाटो खोलेको हो।

मिडिया हबले ग्राहकसँग विश्वकप प्रसारणका लागि रु पाँच सय उठाउने निर्णय गरेको थियो। उक्त निर्णयका विरुद्धमा अधिवक्ता किशोर पौडेलले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।

यसअघि न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले यही कात्तिक २२ गते विश्वकपका नाममा विज्ञापनबापत प्रतिग्राहक रु पाँच सय उठाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको थियो।

रिट निवेदनमा राष्ट्रिय प्रसारण नियमावलीमा सरकारले बाहेक रकम तोक्न नपाउने व्यवस्थाविपरीत मिडिया हबले गरेको निर्णय रोक लगाउन आदेशको माग गरिएको थियो। केबल टेलिभिजन लिएबापत तिर्नुपर्ने सेवा शुल्क तिरेर सहजै विश्वकप हेर्न पाइने व्यवस्था रहेकामा निजी कुनै कम्पनीले त्यस्तो निर्णय गर्न नपाउने रिट निवेदनमा थियो।

नेपालमा विगत लामो समयदेखि विश्वकप फूटबल प्रतियोगिताको टेलिभिजनमा विभिन्न च्यानलले प्रत्यक्ष प्रसारण गर्दै आएका छन्।

आगामी मङ्सिर ४ गतेदेखि कतारमा विश्वकप हुँदैछ। प्रतियोगिताको तालिकासमेत सार्वजनिक भइसकेको छ। विश्वकपमा यसभन्दाअघिका संस्करणहरू सहज तरीकाले हेर्न मिल्ने व्यवस्था रहेकोमा यसपटक शुल्क तोकिएको हो।

# जबरजस्ती करणी/गर्भपतन मुद्दाका फरार तेली पक्राउ

प्रस, वीरगंज, ३० कात्तिक/

जिल्ला प्रहरी कार्यालय, बाराले जबरजस्ती करणी तथा गर्भपतन मुद्दाका फरार एकजनालाई पक्राउ गरेको छ। बारा, प्रसौनी गाउँपालिका–५ बेलहिया टोल निवासी २५ वर्षीय श्यामसुन्दर साह तेलीलाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ।

तेलीले १७ वर्षीया नाबालिकालाई ललाइफकाइ पटक–पटक करणी गरेको र गर्भवती भएपछि नाबालिकाको जबरजस्ती गर्भपतन गराएको भन्ने नाबालिकाकी आमाले दिएको जाहेरीको आधारमा तेलीलाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ।

तेलीलाई कात्तिक २८ गते गाउँमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरी जबरजस्ती करणी तथा गर्भपतन मुद्दा अनुसन्धानको लागि बारा जिल्ला अदालतबाट पहिलोपटक चार दिनको म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको जनाएको छ।



जिप्रका, बाराका अनुसार तेली यसअघि विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ परेको जनाएको छ। २०७५/०४/०५ र २०७५/१०/०२ गते दुईपटक अभद्र व्यवहार मुद्दामा पक्राउ परी तारेखमा छुटेको जनाएको छ। यसैगरी, २०७६/१०/०२ गते लागूऔषध खैरो हेरोइनसहित जिप्रका, पर्साले पक्राउ गरेकोमा पर्सा जिल्ला अदालतको आदेशमा ३० हजार रुपैयाँ धरौटी राखी तारेखमा रिहा भएका थिए।

यसैगरी, २०७८/०७/२१ गते पवनकुमार सिंहको जाहेरीमा आपराधिक लाभ मुद्दामा तेली पक्राउ परी बारा जिल्ला अदालतको आदेशले रु एक लाख ५० हजार धरौटी राखी तारेखमा रिहा भएका थिए।

## जाडोको समयमा चीसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नमूना मतपत्रसहित एकजना पक्राउ

प्रस, वीरगंज, ३० कात्तिक/

भारतबाट नमूनापत्र छापेर नेपाल ल्याइरहेको अवस्थामा सशस्त्र प्रहरी सीमा सुरक्षा बल भिखमपुरको टोलीले एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा नरकटियागंज निवासी इजाजत मियाँ रहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

भारतीय नम्बरको मोटरसाइकलमा १५ हजार थान नमूना मतपत्र नेपाल ल्याइरहेको अवस्थामा सशस्त्र प्रहरीले पक्राउ गरी कारबाईको लागि निर्वाचन कार्यालय, पर्सामा पठाएको छ। मियाँ अहिले पर्सा प्रहरीको हिरासतमा छन्।

सीमासँग जोडिएका पर्सालगायत अन्य जिल्लाहरूमा प्रचारप्रसारका लागि निर्वाचन सामग्री भारतबाट समेत मगाउने गरिएको छ।

भारतमा सस्तो मूल्यमा छपाइ हुने भएकोले उम्मेदवारहरूले भारतबाट निर्वाचन प्रचार सामग्री छापेर ल्याउने गरेका छन्।